# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष १० | अंक ४ | काठमाडौं | बिहीबार, १४ वैशाख २०८० | Prabhab National Daily | Thursday, April 27, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## ओलीलाई गृहजिल्लामै कालो झण्डा



- ओलीमाथि सडकमै कालो झण्डा र ढुंगामुढा
- ओलीको आग्रह- साथीको बात नसहने तर शत्रुको लात सहने नगरौं
- ओलीले 'मिसन ग्रासरूट' अन्तर्गत १० चैतमा कोशी नामकरणको बचाऊ गरेका थिए

■ **प्रभाव संवाददाता**

**काठमाडौं-** बुधबार झापा पुगेका एमाले अध्यक्ष केपी शर्मा ओलीले कालो झण्डा सामना गर्नुपर्‍यो । झापामा बुद्धशान्ति गाउँ कमिटीको बृहत् कार्यकर्ता भेटघाटलाई सम्बोधन गर्न पुगेका ओलीलाई सडकमै कालो झण्डा देखाइएको हो ।

गत फागुन १७ गते प्रदेश १ को नाम कोशी राखिएको थियो । यहाँ एमाले नेता हिक्मत कार्की मुख्यमन्त्री छन् । उनको नेतृत्वको सरकारले प्रदेशको नाम कोशी राखेपछि पहिचान पक्षधरले यहाँ आन्दोलन चर्काएका छन् । यही क्रममा पदम लिम्बू लाजेहाङको मृत्यु भइसकेको छ । लाजेहाङलाई संघीय सरकारले सहिद घोषणा गरेपछि केही मत्थर भएको आन्दोलन पक्षधर ओली पुगेपछि विरोधमा उत्रिएका हुन् । ओली सवार गाडीमा ढुंगामुढासमेत भएको बताइएको छ ।

घटनाबारे प्रतिनिधिसभामासमेत प्रश्न उठ्यो । बुधबारको बैठकमा एमालेका प्रमुख सचेतक पदम गिरीले सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराएका थिए । बैठकको सुरुमै आकस्मिक समयमा गिरीले अध्यक्ष ओलीमाथि केही समूहबाट होहल्ला तथा ढुंगामुढाको प्रयास भएको भन्दै आपत्ति प्रकट गरेका थिए ।

कालो झण्डा देखाउने समूहलाई नियन्त्रण लिने क्रममा मूठभेड हुँदा एक प्रहरी निरीक्षक घाइते भएका छन् । गृहमन्त्री नारायणकाजी श्रेष्ठले उक्त कार्यमा संलग्न छ जना पक्राउ परेको जानकारी दिए ।

**'शत्रुको लात सहने नगरौं'**

कालो झण्डाको सामना गरेका ओलीले एमालेलाई सिध्याउन गरिएको मोर्चाबन्दीलाई परास्त गर्दै देशले भोगिरहेको वर्तमान समस्यालाई समाधान गर्न लागेको दाबी गरे । 'खेतको होस् या बारीको पाटो, सहर, गाउँबस्ती, देशविदेश सबै (**बाँकी पृष्ठ ५ मा**)

# उपेन्द्र र सीकेको 'दंगल'

## सिकार शिवचन्द्र

- उपेन्द्रले पहिरेको मधेसको मसीहको ताज खोस्न उद्दत सीके सत्ता छोडेर, टाउको टेकेर बारा उत्रिए पनि उनको केही लागेन
- उपेन्द्र धुलो टकटकाउँदै फेरि उठेका छन् उपनिर्वाचनबाट
- योसँगै तीन सिटमध्ये एकमा जितेर गठबन्धनको नाक जोगाउने एक्ला बने उपेन्द्र





■ **दीपा सुनुवार**

**काठमाडौं-** गत मंसिरमा झण्डै दोब्बर मतान्तरले हराउँदै डा. सीके राउतले उपेन्द्र यादवलाई मधेसको राजनीतिबाट 'ब्रेक' लिन बाध्य बनाए । मधेसमा आफूलाई 'मसीह'का रूपमा उभ्याउँदै आएका जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष यादव रन्थनिए । संघीयताको मुद्दा उठाएर मधेसबाट अनुमोदित भएका थिए यादव । तर, भर्खरै उदय भएको जनमत पार्टीका अध्यक्ष राउतले चुनावी मैदानमा नजरअन्दाज नगरिएका कुस्तीबाजले पछारेझैं पछारेपछि हात उठाउँदै 'म्युट' बस्न विवश भए उपेन्द्र ।

सप्तरीमा पछारिएका उपेन्द्र संघीय सरकारको नेतृत्वमा घुम्न थाले । चुनावका बेला एमालेको फेरो समात्न गए पनि सत्ता फेरबदलमा उनले माओवादी अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहालका साथ छाडेनन् । पछि पुरानै गठबन्धनमा घुस्रिए र आफ्ना लागि मैदान बनाउन उपराष्ट्रपतिमा रामसहायप्रसाद यादवलाई अवसर दिए । उपराष्ट्रपतिमा छानिएका रामसहाय यस्तो पात्र थिए जसको (**बाँकी पृष्ठ २ मा**)

### उपेन्द्रको उदय

**काठमाडौं (प्रस)-** विराटनगरमा शिक्षण पेसामा रहेका यादवले सन् १९९७ मा मधेसी जनअधिकार फोरम नेपाल गैरसरकारी संस्था गठन गरेर मधेस राजनीति सुरु गरेका थिए । संकटकालका बेला आप्रवासमा बसेका उनी भारतमा जेलमासमेत परेका थिए । २०६३/६४ को मधेस आन्दोलनबाट उनी राजनीतिको चर्चामा छाए । आत्मनिर्णयको अधिकारसहितको समग्र मधेस एक प्रदेश र संघीयता, समावेशिताको मुद्दा उठाएर उनी अगाडि बढे ।

०६४ मा भएको पहिलो संविधानसभाको निर्वाचनमा उनले दुई स्थानबाट चुनाव जितेका थिए । पहिलो संविधानसभामा मोरङ-५ र सुनसरी-५ बाट उनी विजयी भए । पहिलो संविधानसभामा ५२ सिटसहित चौथो शक्ति बनेर उदाएको फोरम पछि टुक्रियो र १३ सिटमा सीमित हुन पुग्यो । (**बाँकी पृष्ठ २ मा**)

**सन्दर्भ : वैदेशिक रोजगार**

# श्रम स्वीकृतिको आवेदन लिने स्थानीय तह थपिँदै

■ **प्रभाव संवाददाता**

**काठमाडौं-** देशभरका स्थानीय तहहरूले वैदेशिक रोजगारीमा जान चाहने युवाहरूको व्यक्तिगत तथा पुनः श्रम स्वीकृतिको आवेदन लिने व्यवस्थालाई कार्यान्वयनमा ल्याउन थालेका छन् । सरकारले गत चैत १६ गते गरेको निर्णयबमोजिम यही वैशाख १ गतेदेखि स्थानीय तहबाटै व्यक्तिगत तथा पुनः श्रम स्वीकृतिसम्बन्धी आवेदन दिने व्यवस्था मिलाउन पत्राचार भएअनुसार कार्यान्वयनमा ल्याएका हुन् ।

सरकारले यसअघि सातवटै प्रदेशबाट व्यक्तिगत तथा संस्थागत श्रम स्वीकृति दिने व्यवस्था गरिसकेको छ । विदेश जान चाहने नेपाली युवाहरूलाई नजिकैको स्थानबाट श्रम स्वीकृतिसम्बन्धी सेवा प्रवाह गर्ने उद्देश्यले स्थानीय तहको रोजगार सेवा केन्द्रबाट आवेदन दिनसक्ने व्यवस्था गरिएको हो । स्थानीय तहबाटै

> विदेश जान चाहने नेपाली युवाहरूलाई नजिकैको स्थानबाट श्रम स्वीकृतिसम्बन्धी सेवा प्रवाह गर्ने उद्देश्यले स्थानीय तहको रोजगार सेवा केन्द्रबाट आवेदन दिनसक्ने व्यवस्था गरिएको हो ।

श्रम स्वीकृतिसम्बन्धी आवेदन संकलन कार्य सुरु गर्न थालिएको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका उपसचिव एवं सहायक प्रवक्ता कविराज उप्रेतीले बताए ।

वैदेशिक रोजगारीलाई थप व्यवस्थित, सुरक्षित, मर्यादित, भरपर्दो तथा श्रमिकमैत्री बनाउन स्थानीय तहबाट व्यक्तिगत श्रम स्वीकृति र पुनः श्रम स्वीकृतिका लागि आवेदन दिन पाउने व्यवस्था गरिएको उनले बताए । स्थानीय तहबाट श्रम स्वीकृति दिने नभई आवेदनमात्रै दिन पाइने उप्रेतीले प्रस्ट पारे ।

स्थानीय तहले श्रम स्वीकृतिसम्बन्धी आवेदन लिने व्यवस्था कार्यान्वयनमा ल्याएसँगै यसका लागि प्रदेशमा रहेका श्रम रोजगार कार्यालय वा काठमाडौंमा नै धाउनुपर्ने बाध्यता अन्त्य भएको मन्त्रालयको भनाइ छ । स्थानीय तहबाट श्रम स्वीकृतिसम्बन्धी व्यवस्था कार्यान्वयन धमाधम भइरहेको मन्त्रालयले जनाएको छ । देशभरका स्थानीय तहहरूले श्रम स्वीकृतिको आवेदन लिने कार्य सुरु गर्ने क्रम चलिरहेको छ ।

कोशी प्रदेशअन्तर्गत मोरङको मिक्लाजुङ गाउँपालिकाले रोजगार सेवा केन्द्रबाट श्रम स्वीकृति आवेदन दिने व्यवस्था लागू गरेपश्चात् उक्त गाउँपालिका-७ केशव सिग्देल पहिलो सेवाग्राही भएका छन् । आफ्नै ठाउँबाट सेवा लिन पाएपछि उनले खुसी हुँदै भने, 'पहिला काठमाडौं र विराटगर गएर श्रमसम्बन्धी स्वीकृति लिनुपर्दा झन्झट हुन्थ्यो, लागत पनि बढी पर्थ्यो । अब गाउँपालिकाबाटै सेवा सुरु भएपछि सहज भएको छ ।'

मिक्लाजुङले वैदेशिक रोजगारीका लागि जानेहरूका लागि व्यक्तिगत श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृतिको आवेदनसम्बन्धी सेवा यही वैशाख २ गतेदेखि प्रारम्भ गरेको हो । यस्तै उर्लाबारी नगरपालिकाले पनि श्रम स्वीकृतिको आवेदन दिने व्यवस्थालाई कार्यान्वयनमा ल्याएको नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत मुरारीप्रसाद घिमिरेले बताए । नगरपालिकाले व्यक्तिगत श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृतिसम्बन्धी सेवा यही वैशाख २ गतेदेखि दिन थालेको जानकारी दिए । वैदेशिक रोजगार ऐन तथा वैदेशिक रोजगार नियमावली, २०६४ मा भएको व्यवस्थाअनुसार रोजगारीका लागि जाने हरेक नेपाली श्रमिकले अनिवार्य श्रम स्वीकृति लिनुपर्ने व्यवस्था छ ।

## इजरायल पठाउने बहानामा ४८ लाख ठगी

**काठमाडौं (प्रस)-** वैदेशिक रोजगारीका लागि इजरायल पठाइदिन्छु भन्दै ठगी गरेको आरोपमा एक जना महिला पक्राउ परेकी छन् । इजरायल पुगेपछि एक प्रतिष्ठित निर्माण कम्पनी (कन्स्ट्रक्सन) मा रोजगारी दिलाइदिने भन्दै ठगी गरेको आरोपमा हरिकला दाहाललाई प्रहरीले पक्राउ गरेको हो ।

झापा स्थायी घर भई काठमाडौंको कपनमा बस्दै आएकी ३२ वर्षीया दाहालले दीपक दाहालसहित पाँच जनालाई इजरायलको कन्स्ट्रक्सन (निर्माण क्षेत्र)मा आकर्षक पारिश्रमिकसहित काम लगाइदिने विश्वास दिलाइ प्रलोभनमा पारी रकम लिएर सम्पर्कविहीन भएको प्रहरीले जनाएको छ । इजरायल पठाइदिएबापत लाखौं रूपैयाँ लाग्ने बताएर पीडितहरूबाट पटक-पटक गरी ४८ लाख रूपैयाँ ठगी गरेको प्रहरीले जनाएको छ ।

उपत्यका अपराध अनुसन्धान कार्यालयको विशेष प्रहरी टोलीले दाहाललाई मंगलबार चावहिलबाट पक्राउ गरेको हो । पीडितबाट रकम लिई सम्पर्कसमेत नगरी फरार रहेको भन्दै पक्राउका लागि वैदेशिक रोजगार विभागले पत्राचार गरेपछि प्रहरीले दाहालको खोजतलास गरेको थियो । पक्राउ परेकी दाहाललाई थप अनुसन्धान तथा कारबाहीका लागि विभागमा बुझाइएको प्रहरी उपरीक्षक रविन्द्र रेग्मीले जानकारी दिए । नयाँ वर्ष २०८० सुरु भएयता विभिन्न मुलुकमा रोजगारीका लागि पठाइदिने भन्दै ठगी गरेको आरोपमा प्रहरीले झण्डै १० जनालाई पक्राउ गरी विभागलाई बुझाइसकेको जनाएको छ ।

सरकारले इजरायलसँग जिटुजी सम्झौता गरी नेपालीहरूलाई सरकारी संयन्त्रमार्फत रोजगारीमा पठाउने गरेको भन्दै कुनै पनि अनधिकृत व्यक्तिको विश्वासमा नपर्न र ठगीमा पर्नबाट जोगिन विभागले आग्रह गरेको ।




## उपेन्द्र र सीके...

पृष्ठ १ बाट जारी

विरोध खासै भएन । आफ्नो ठाउँ पनि खाली हुनु, जनमानसमा लोकप्रिय व्यक्ति उपराष्ट्रपतिमा छानिनु । उपेन्द्रले चाहेकै यही थियो । भइदियो यही ।

उनै उपेन्द्र धुलो टकटकाउँदै फेरि उठेका छन् उपनिर्वाचनबाट । आफूले चुनावी मैदानमा पछारेका उपेन्द्र झण्डै २३० किलोमितर परको दुरीमा रहेको बारा-२ मा पुगेपछि डा जततउकस्ररधधधाथयगतगदभाअफर२क्ष्लमष्बत्ख . राउतलाई औडाह हुनु स्वाभाविक थियो । एक त उपेन्द्रलाई सत्ता गठबन्धनको साथ रहने भयो, अर्को हारबाट पाठ सिकेका उपेन्द्र जुनसुकै तिकडम लगाएर भए पनि संसद् छिर्ने दाउमा थिए । यस्तो अवस्थामा आफ्ना प्रतिस्पर्धीलाई जसरी पनि हराउने 'मिसन'मा लागे राउत ।

उपेन्द्रले पहिरेको 'मधेसको मसीह'को ताज खोस्न उद्दत सीके सत्ता छोडेर, टाउको टेकेर बारा उत्रिए । चुनावी सभाहरूमा राउत भन्थे- उपेन्द्रलाई सप्तरीमाझैं हराउँछौं । बारामा जनमतले गत निर्वाचनमा दोस्रो बनेका शिवचन्द्र कुशवाहालाई मौका दियो । बाराको उपनिर्वाचनमा रमाइलो के थियो भने दोस्रो प्रतिस्पर्धामा उत्रेका तीन उम्मेदवारले गत निर्वाचनमा हारको स्वाद चाखिसकेका थिए । उपेन्द्र सप्तरी-२ मा पछारिएका थिए भने शिवचन्द्र यही क्षेत्रमा । यता पछिल्लोपटक चर्चामा छाएका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उम्मेदवार रमेश खरेल काठमाडौं १ बाट हारेका थिए ।

मैदान र प्रचार हेर्दा 'हरूवा'हरूमध्ये उपेन्द्र र शिवचन्द्रको 'दंगल' रोचक हुने वातावरण तयार भयो । अझ भनौं यो दंगल सीके राउतको प्रतिष्ठासँग पनि जोडिएको थियो । राउत चाहन्थे मंसिरमा आफैंले झण्डै दोब्बर मतले हराएका उपेन्द्र यसपाला मैदानमा लडून् र कहिल्यै नउठून् । सप्तरी-२ मा राउतले ३५ हजार ४२ मत पाउँदा उपेन्द्रले १६ हजार ९७९ मा चित्त बुझाएका थिए । चुनावको अन्तिम घरदैलोको दौरानमा जनमतको मिसनबारे जिज्ञासा राख्दा उपेन्द्र झोक्किएका थिए पनि । मतदातालाई नमस्कार ठोक्दै अघि बढ्दा सञ्चारकर्मीको समूहले उनलाई घेर्दै प्रश्न सोधेका थिए, 'तपाईं चुनावमा हार्दै हुनुहुन्छ, सीके राउतको पार्टीले कडा टक्कर दिँदै छ भन्ने सुनिँदै छ नि ?' प्रश्न सुनेर झोक्किएका उनको जवाफ थियो, 'को हुन् सीके राउत, कोबाट परिचालित छन् ? यो खोजको विषय हुनसक्छ, अनुसन्धान गर्नुपर्छ ।' त्यतिबेला परिस्थिति सधैं एउटै नरहने बताएर शान्त बनेका थिए उपेन्द्र ।

उनै उपेन्द्रले उपचुनावमा जनमतका शिवचन्द्रलाई पाँच हजारभन्दा बढी मतान्तरले पराजित गर्दै दंगल जितेर दोस्रो प्रयासमा संसद्मा 'इन्ट्री' मार्दै आफ्नो पार्टी नेतृत्वको इज्जतमात्र जोगाएनन् गठबन्धनकै इज्जत धानिदिए । किनकि, तीन सिटमध्ये दुई सिट गठबन्धनका उम्मेदवारलाई निकै पछि पार्दै रास्वपाका उम्मेदवार विजयी बन्दा गठबन्धनको नाक जोगाउने एक्ला बने उपेन्द्र । यतिमात्र हैन पार्टीमा घटेको साखलाई उनले फर्काएका छन् ।

यसपटक कांग्रेस इमानदार बन्दा उपेन्द्रले विजयको ताज लगाउन सफल भएको जनमत पार्टीको विश्लेषण छ । मतदानको अन्तिम सातासम्म जनमतका शिवचन्द्रको पक्षमा माहोल देखिए पनि अन्तिम दिन राति परिस्थिति फेरिएको डा. राउतनिकट एक नेताले बताए । अध्यक्ष राउतले भने सत्ताको लाठी र बन्दुकको बलमा बुथ कब्जा गरी चुनाव उपेन्द्रले जितेको आरोप लगाएका छन् । यद्यपि, सोही पार्टीका अर्का नेता जनमतको उम्मेदवार छनोट नै गलत भएको दाबी गर्छन् । 'नयाँ व्यक्तिहरू रुचाइएको बेला जनमतले आफ्नै नेतालाई अवसर नदिएर माओवादीका नेतालाई छान्नु अध्यक्ष राउतको गल्ती थियो,' नाम नखुलाउने सर्तमा ती नेताले भने, 'यसले गर्दा जनमतले सुनौलो मौका त गुमायो नै अध्यक्षको मिहेनत पनि खेर गयो ।'

यता आफू निर्वाचित भएपछि जसपाका अध्यक्ष यादवले मतदाता र गठबन्धनका नेता कार्यकर्तालाई धन्यवाद दिँदै सीके राउत लक्षित प्रतिक्रिया दिए । यादवले आफ्नो जित राष्ट्रिय एकतालाई तोडेर विखण्डनका लागि रोपिएको बीजको हार भएको तर्क गरे । 'मधेसी समुदायलाई जात जातमा लडाएर जातीय विद्वेष फैलाउने केही मनिसहरूले गरेको प्रयास नराम्रोसँग पराजित भएको छ,' यादवले जितपछि भने ।

## उपेन्द्रको उदय...

पृष्ठ १ बाट जारी

दोस्रो संविधानसभाको निर्वाचनमा पनि उनी सोही दुई स्थानबाट चुनावमा उठेका थिए तर मोरङमा पराजित भएका उनी सुनसरीमा विजयी भए । दोस्रो संविधानसभापछि अशोक राई नेतृत्वको संघीय समाजवादी पार्टीसँग उनले एकीकरण गरेर पार्टीको नाम संघीय समाजवादी फोरम नेपाल राखेका थिए । स्थानीय तहको निर्वाचनअगाडि बाबुराम भट्टराई नेतृत्वको नयाँ शक्तिसँग एकीकरणको तयारी भए पनि अन्त्यमा अध्यक्ष पदको विवादका कारण सफल हुन सकेको थिएन । यद्यपि, भट्टराईको पार्टी उनकै पार्टीको मसाल चुनाव चिह्न लिएर स्थानीय तहको निर्वाचनमा गएको थियो ।

०७४ को प्रतिनिधि तथा प्रदेशसभा निर्वाचनमा उनी सप्तरी-२ बाट निर्वाचित भएका थिए । वाम गठबन्धनका उम्मेदवार एवं पूर्वमन्त्री उमेश यादवलाई पराजित गर्दा त्यतिबेला पनि उनलाई नेपाली कांग्रेसको साथ थियो । चुनावमा 'हचाट्रिक' जित निकालेर पटक-पटक सत्ताको स्वाद चाखेका उनी मंसिरमा भने पछारिएका थिए । दल टुटफुटको राजनीतिमा उपेन्द्रको पार्टीको नाम फेरिरह्यो । २०७७ जेठमा राष्ट्रिय जनता पार्टीसँग मिलेर पार्टीको नाम जसपा बन्यो । मिलेको केही समयमै महन्थ ठाकुर, राजेन्द्र महतोलगायत छुट्टिएर लोकतान्त्रिक समाजवादी पार्टी बन्यो भने उपेन्द्र जसपाको अध्यक्ष रहे ।


### मोटरसाइकल हराएको सूचना

मिति २०७९/१२/०२ गते अ. १४:०० वजेको समयमा का.जि. किर्तिपुर न.पा. वडा नं. १० टि.यू. क्रिकेट ग्राउण्ड बाहिर पार्किङ गरेर राखेको ठाउँबाट बा. प्र. ०२-०४२ प ०२८१ नंम्बरको कालो रातो रंगको १४९.५० सि.सि बजाज पल्सर मोटरसाइकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनी: आत्माराम पोखरेल**
**ठेगाना : तामाकोशी गा.पा.-४, दोलखा**
**ब्यासिस नं:** MD2A11CXONPC19116
**इन्जीन नं :** DHXRNC69986
**सम्पर्क :** 9849464181



### माईग्रेसन हराएको सूचना

मिति २०७९/१२/२५ गते शंखमुलबाट रत्नपार्क जाने क्रममा मेरो निम्न व्यहोरा भएको (त्रि.वि) तहको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : उमंग पाठक**
**रजिस्ट्रेसन.नं.: ७२२७२९४४ बि (HSEB)**
**सिम्बोल.नं.: ०५-३६०५१५**
**ठेगाना.: शंखमुल, काठमाडौं**
**सम्पर्क: ९८६०४३५५१०**



### बिमालेख हरायो

मिति २०७९/१०/१७ गते, भैसिपाटीदेखि जावलाखेलसम्म जाँदा मेरो निम्न व्यहोरा भएको बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

**नाम : रिजा थापा**
**बिमालेख नं : १०८००१९४२**
**(Nepal Life Insurance Company Ltd)**
**ठेगाना : भैसिपाटी-२५, ललितपुर**
**सम्पर्क नं : ९८४१३७९२७७**



### काठ बिक्री लिलाम सम्बन्धी २१ दिने सूचना

प्रथम पटक प्रकाशित: २०८०/०१/१४ गते

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व.२०७९/२०८० मा संकलन गरी समूहको घाटगद्दीमा भएको खयर काठ यस समूहका उपभोक्ताहरुलाई/ छिमेकी समूहका उपभोक्ताहरुलाई खपत नहुने हुँदा समूहको घाटगद्दीमा मौज्दात रहेको खयर ६८ थान गोलिया ६२६.३७ क्यु.फिट काठ शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकाले मूल्य अभिवृद्धि करमा दर्ता भै वन पैदावर सम्बन्धी कारोबार गर्ने काष्ठ व्यवसायी व्यक्ति/फर्म वा कम्पनी/ उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र यस सा.ब.उ.स. कार्यालयबाट बोलपत्र खरीद गरी शिलबन्दीको बोलपत्र २१ औं दिन ३:०० बजेभित्र यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा दाखिला गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

विस्तृत जानकारीको लागि सूचना यस सा.ब.उ.स. को कार्यालय तथा सम्बन्धित अन्य कार्यालयहरुमा समेत सूचना टाँस गरिएको व्यहोरा समेत सूचित गरिन्छ।

**श्री बास्कोटा सामुदायिक वन उपभोक्ता समूह**
गोदावरी नगरपालिका ४ कैलाली



### गोलिया काठ/दाउरा बिक्री वितरण सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८०/०१/१४**

यस नमोबुद्ध सा.व.उ.स. मरिण गा.पा.५, सिन्धुलीबाट आ.व. २०७९/०८० मा उत्पादन भई साझे चौर, मरिण गा.पा. ५, सिन्धुलीमा घाटगद्दि गरी राखिएको विभिन्न लटको साल तथा अन्य जातको गोलिया थान १४६ को १८५८.७८ क्यू.फि गोलिया काठ र ३.७५ चट्टा साल मिश्रित दाउरा व्यापारिक प्रयोजनको लागि विक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ। काठ/दाउरा जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टा'स गरिएको छ ।

**श्री नमोबुद्ध सा.व.उ.स.**
**मरिण गा.पा.-५, सिन्धुली**



### नाम परिवर्तन भएको सूचना

यस सुदर्शन आई केयर एण्ड नर्सिङ्ग होम प्रा. लि.को मिति २०७८/१२/१४ मा सम्पन्न विशेष साधारण सभाले कम्पनीको नाम सुदर्शन आई हस्पिटल प्रा. लि. (प्रा.लि.नं. १३२७३१/०७१/०७२) कायम गरिएको व्योहोरा श्री कम्पनी रजिष्ट्रारको कार्यलयको मिति २०७८/१२/२२ को पत्र बमोजिम जानकारी गराएकोले अब उप्रान्त यस **सुदर्शन आई हस्पिटल प्रा. लि.** बाट व्यवसायिक काम कारोवारहरु सुचारु हुने व्यहोरा जो कोहीको जानकारीको लागि यसै सूचना मार्फत अवगत गराउँछौ ।



### गोलिया काठ/दाउरा बिक्री वितरण सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८०/०१/१४**

यस पवित्रा सा.व.उ.स. मरिण गा.पा.५, सिन्धुलीबाट आ.व. २०७९/०८० मा उत्पादन भई फिटिङ दोभान, मरिण गा.पा. ५, सिन्धुलीमा घाटगद्दि गरी राखिएको लट नं. २ को साल तथा अन्य जातको गोलिया थान ४० को ९६८.४१ क्यू.फि गोलिया काठ र ०.७५ चट्टा साल मिश्रित दाउरा व्यापारिक प्रयोजनको लागि विक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ/दाउरा जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टा'स गरिएको छ ।

**श्री पवित्रा सा.व.उ.स.**
**मरिण गा.पा.-५, सिन्धुली**



# हार्दिक श्रद्धाञ्जली



**जन्म**
**२०३३/०४/०४**

**स्वर्गारोहण**
**२०७९/१२/२४**

**स्व. रिन्जी राई**

हाम्रो घनिष्ठ मित्र तथा **मार्भलस इम्प्लोइमेन्ट सर्भिस प्रा. लि.** का संचालक श्री **रिन्जी राई**को अल्पायुमै भएको निधनले हामी असाध्यै मर्माहत भएका छौं। यस दुखद घडीमा उहाँको दिवंगत आत्माप्रति चिर शान्तिको कामना गर्दै शोक संतप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**रेड सन इम्प्लोइमेन्ट सर्भिस प्रा.लि. परिवार**
**चावहिल-७, चुच्चेपाटी, काठमाडौं**


**नेपाल सरकार**
**गृह मन्त्रालय**
**जिल्ला प्रशासन कार्यालय, रुकुम (पश्चिम)**

## मुआब्जा पाउने ठहरिएका व्यक्तिहरूको नामावली प्रकाशन गरिएको सूचना !

**(प्रकाशन मिति : २०८०/०१/१४ गते)**

चौरजहारी नगरपालिका-२, रुकुम (पश्चिम) मा कर्णाली प्रदेशस्तरीय फुटबल रङ्गशाला निर्माणका लागि चौरजहारी नगरपालिकाले जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम जग्गा प्राप्ति गर्न ऐनको दफा १३ को उपदफा (२) बमोजिम मुआब्जा रकम निर्धारण समितिको २०८० वैशाख १३ गतेको निर्णयानुसार दफा १८ को प्रयोजनका लागि मुआब्जा पाउने ठहरिएका व्यक्तिहरू तपसिलबमोजिम भएको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । नामावलीमा चित्त नबुझ्ने व्यक्तिहरूले सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र ऐनबमोजिम सम्बन्धित निकायमा उजुरी गर्न सकिने व्यहोरा समेत यसै सूचनामार्फत् जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं | जग्गाधनीको नामथर | जग्गाको ठेगाना | | कित्ता नं. | जग्गाको क्षेत्रफल (वर्गमिटरमा) | जग्गाको मूल्यांकन रकम रु. | घरको मूल्यांकन रकम रु. | कुल जम्मा रकम रु. |
|---|---|---|---|---|---|---|---|---|
| | | हाल | साविक | | | | | |
| १ | बलबहादुर राना | चौ.न.पा.-२ | विजयश्वरी गा.वि.स.-५ | १९६८ | ६०५ | ४२३५०००.० | ०.० | ४२३५०००.० |
| २ | मनविर विष्ट | चौ.न.पा.-२ | विजयश्वरी गा.वि.स.-५ | २३०० | १५१.२५ | १०५८७५०.० | ०.० | १०५८७५०.० |
| ३ | कालो सार्की | चौ.न.पा.-२ | विजयश्वरी गा.वि.स.-५ | ३१५२ | ५० | ३५००००.० | ०.० | ३५००००.० |
| ४ | तिलकबहादुर विष्ट | चौ.न.पा.-२ | विजयश्वरी गा.वि.स.-५ | ३१५३ | २६.२५ | १८३७५०.० | ०.० | १८३७५०.० |
| ५ | रुद्रबहादुर खडका | चौ.न.पा.-२ | विजयश्वरी गा.वि.स.-५ | ४१९९ | १३३५ | ९३४५०००.० | ०.० | ९३४५०००.० |
| ६ | पदमी खडका | चौ.न.पा.-२ | विजयश्वरी गा.वि.स.-५ | ४१८९ | १६० | ११२००००.० | ०.० | ११२००००.० |
| ७ | टेकबहादुर खडका | चौ.न.पा.-२ | विजयश्वरी गा.वि.स.-५ | ३८३२ | १९० | १३३००००.० | ०.० | १३३००००.० |
| ८ | सुनिता बुढा | चौ.न.पा.-२ | विजयश्वरी गा.वि.स.-५ | २२९९ | १५१.२५ | १०५८७५०.० | ९७४४२.० | ११५६१९२.० |
| ९ | हर्कबहादुर विष्ट | चौ.न.पा.-२ | विजयश्वरी गा.वि.स.-५ | ३७७३ | ८५ | ५९५०००.० | ०.० | ५९५०००.० |
| १० | सोवे दमाई | चौ.न.पा.-२ | विजयश्वरी गा.वि.स.-५ | ३०३१ | ७५ | ५२५०००.० | ०.० | ५२५०००.० |
| ११ | सुविज्ञा कुमारी जैसी | चौ.न.पा.-२ | विजयश्वरी गा.वि.स.-५ | २९१८ | १२० | ८४००००.० | ०.० | ८४००००.० |
| १२ | यमुना भण्डारी | चौ.न.पा.-२ | विजयश्वरी गा.वि.स.-५ | ३७४४ | ६५ | ४५५०००.० | ०.० | ४५५०००.० |
| १३ | पैले खत्री | चौ.न.पा.-२ | विजयश्वरी गा.वि.स.-५ | २५९० | १२५ | ८७५०००.० | ०.० | ८७५०००.० |
| १४ | हरिप्रसाद जैसी | चौ.न.पा.-२ | विजयश्वरी गा.वि.स.-५ | २८४७ | ८० | ५६००००.० | ०.० | ५६००००.० |
| १५ | हर्कबहादुर विष्ट | चौ.न.पा.-२ | विजयश्वरी गा.वि.स.-५ | २८४८ | ७१.२५ | ४९८७५०.० | ०.० | ४९८७५०.० |
| १६ | सीतादेवी के.सी. | चौ.न.पा.-२ | विजयश्वरी गा.वि.स.-५ | २६४६ | १५० | १०५००००.० | ०.० | १०५००००.० |
| १७ | अनिता बुढाथोकी | चौ.न.पा.-२ | विजयश्वरी गा.वि.स.-५ | २६४७ | १९० | १३३००००.० | ०.० | १३३००००.० |
| १८ | सुरबहादुर खत्री | चौ.न.पा.-२ | विजयश्वरी गा.वि.स.-५ | २९१७ | ६० | ४२००००.० | ०.० | ४२००००.० |
| १९ | प्रेमबहादुर बुढाथोकी | चौ.न.पा.-२ | विजयश्वरी गा.वि.स.-५ | २९३० | १०८ | ७५६०००.० | ०.० | ७५६०००.० |
| २० | खिमराज भण्डारी | चौ.न.पा.-२ | विजयश्वरी गा.वि.स.-५ | ३०४६ | ९९ | ६९३०००.० | ०.० | ६९३०००.० |
| २१ | बुद्धि कुमारी श्रेष्ठ | चौ.न.पा.-२ | विजयश्वरी गा.वि.स.-५ | २०४७ | ३० | २१००००.० | ०.० | २१००००.० |
| २२ | डिला शर्मा बुढाथोकी | चौ.न.पा.-२ | विजयश्वरी गा.वि.स.-५ | ३०४५ | ५५ | ३८५०००.० | ०.० | ३८५०००.० |

**प्रमुख जिल्ला अधिकारी**

# पानीका मूल फुटाउन 'रिचार्ज' पोखरी

■ बिमलबहादुर विष्ट

**साँफेबगर (अछाम)–** कयौं वर्षदेखि पानीको स्रोत बनिरहेका पानीका मूलहरू जलवायु परिवर्तनका कारण सुक्दै जान थालेपछि अछाममा विभिन्न पालिकामा पुनर्भरण पोखरी (रिचार्ज पोखरी...) निर्माण गर्न थालिएको छ ।

पारिस्थितिकीय प्रणालीमा आधारित अनुकूलन आयोजना (इबिए)द्वारा यहाँका विभिन्न पालिकामा पानीका मूल फुटाउने प्रयोजनका लागि यस्ता पोखरीहरू निर्माणको कार्यक्रम अघि सारिएको बताइएको हो । सो प्रयोजनका लागि यहाँका कतिपय पालिकामा पुनर्भरण पोखरी निर्माणको काम सुरु भइसकेको र केहीमा निर्माण आयोजनाहरू तय भएका जानकारी दिइएको छ ।

अछामको साँफेबगर नगरपालिका-१३ बाब्लामा इबिएको सहयोगमा रिचार्ज पोखरी निर्माण गरिएको छ । आर्थिक वर्ष २०७८/७९ मा उक्त आयोजनाबाट विनियोजन भएको ५५ लाख र १९ लाख ६४ हजार रूपैयाँ जनश्रमदान गरी ७४ लाख ६४ हजार रूपैयाँ लागतमा निर्माण भएको उक्त रिचार्ज पोखरीबाट १०३ घरधुरी लाभान्वित भएका वडाअध्यक्ष रूपबहादुर कुँवरले जानकारी दिए ।

जलवायु परिवर्तनले पानीका मुहान सुक्दै जाने तथा खडेरी पर्नेजस्ता वातावरणीय समस्या देखिँदै आएको र पानीलाई केही समय रोकेर राख्दा जमिनमुनि पानीको भण्डार बढ्ने र पानीको स्रोत संरक्षण हुने भएकाले पानीका मूल फुट्नसक्ने बताइएको छ ।

त्यसैगरी, तल्लो तटीय क्षेत्रका पानीका मुहान बढ्ने, वन जंगलसँगै वन्यजन्तु र जंगली जनावरकोसमेत संरक्षण हुने भएकाले पहाडी भेगका लागि जलवायु परिवर्तनको प्रभाव कम गर्ने उत्तम विधि रिचार्ज पोखरी भएको पारिस्थितिकीय प्रणालीमा आधारित अनुकूलन आयोजना (इबिए)का राष्ट्रिय शिक्षाविज्ञ दीपेन्द्र जोशीले जानकारी दिए । उनका अनुसार अहिले अछाम जिल्लामा गाईभैंसीपालनदेखि भूक्षय रोक्न उपयोगी नेपियर घाँसको बीउ किसानहरूलाई उपलब्ध गराइएको छ ।

इबिएद्वारा प्राप्त नेपियर घाँसको बीउ पाएपछि साँफेबगर नगरपालिका बाब्लाका केही किसानले बाँझो जमिनको सदुपयोग गर्दै घाँस खेती गरेका स्थानीयवासी कविराज जोशीले जानकारी दिए । उनका अनुसार घाँस खेतीले गाईवस्तु पाल्न सहजमात्रै भएको छैन, भिरपाखातिर जोखिममा घाँस काट्ने समस्या पनि टरेको छ ।

उता इबिएले अछामको मेललेख गाउँपालिका-१ रिसिदहमा किसानहरूलाई आलुको बीउसमेत वितरण गरेको छ । आलु समथर मैदानी भू-भागदेखि चिसो पहाडसम्म उत्पादन हुन्छ । मेल्लेख गाउँपालिका-१ र २ मा केही किसानलाई आलु उत्पादनका लागि बीउ वितरणसँगै प्राविधिक सहयोगसमेत गरिएको इबिएका अछाम जिल्ला संयोजक भोला ढकालले जानकारी दिए ।

हाल विश्वमा हुने हरितगृह ग्यासको कूल उत्सर्जनमा नेपालको हिस्सेदारी ०.०२५ प्रतिशत रहेको छ । कार्बनडाइअक्साइडको अत्यधिक उत्पादनका कारण नै जलवायु परिवर्तनको समस्या देखापरेको डिभिजन वन कार्यालय अछामका प्रमुख भोजराज शर्माले बताए । उनका अनुसार अहिलेकै गतिमा जलवायुमा परिवर्तन भइरहने हो भने प्रकृतिबाट अपूर्व वरदानका रूपमा पाएका सुन्दर हिमताल र नदीनालाहरू पनि कालान्तरमा संकटमा पर्ने खतरा रहेको जलवायु परिवर्तनसम्बन्धी विषयका जानकारहरू बताउँछन् ।

नेपालमा पनि यसको प्रभाव कम गर्नका लागि प्रत्येक घर र कार्यालयमा कम्तीमा पनि एउटा रूख रोप्नसक्ने हो भने यसबाट धेरै फाइदा पुग्ने बताइन्छ । त्यसैगरी, सडकको दायाँ-बायाँका किनारामा वृक्षरोपण गर्न आवश्यक रहेको विज्ञहरू बताउँछन् । चुरे पहाडको संरक्षणका लागि पनि त्यत्तिकै ध्यान दिनुपर्ने विज्ञहरूको सुझाव छ । लगातार रूपमा चुरे पर्वत शृंखलामा भइरहेको क्षयीकरणले हाम्रो भू-सन्तुलनमा नै समस्या खडा गर्ने देखिएको छ । देशभरि नै वातावरणमैत्री सार्वजनिक यातायात प्रणालीको विकास गरी प्रत्येक घरमा ऊर्जा बचतको प्रविधि लागू गरिनुपर्ने आजको आवश्यकता रहेको जलवायु विज्ञको भनाइ छ ।

हरित गृह ग्यास उत्पादनमा कमी ल्याउन वैकल्पिक ऊर्जाको प्रयोग एक प्रमुख उपाय भएको बताइएको छ । ऊर्जाका रूपमा पेट्रोलियम पदार्थको उपयोगमा कमी ल्याई वैकल्पिक ऊर्जाजस्तै जलविद्युत्, सौर्य शक्ति, बायोग्यासको उपयोगमा वृद्धि गर्न आवश्यक रहेको वन तथा वातावरण विभागका महानिर्देशक देवेश त्रिपाठीले जानकारी दिए । उनका अनुसार पृथ्वीमा बढ्दो जनसंख्या, अव्यवस्थित सहरीकरण र तीव्र औद्योगिकीकरणले अनेक समस्या निम्त्याएको छ । यिनै समस्याहरूको न्यूनीकरण गर्न र मानिसमा यसबारे जागरण ल्याउन पहिलो जरुरी रहेको छ ।

सुदूरपश्चिमको प्रमुख पर्यटकीयस्थलका रूपमा रहेको अछाम जिल्लाको रामारोशन ताल संरक्षणका लागि इबिएले जनचेतनामूलक कार्यर्मक्रमहरू सञ्चालन गर्दै आएको छ । हावापानीका दृष्टिले लेकाली भेकमा रहेको उक्त रामारोशन ताल संरक्षणका लागि आगामी दिनमा बृहत्तर कार्य योजना लागू गर्ने गरी काम गरिने इबिएका राष्ट्रिय शिक्षाविज्ञ जोशीले जानकारी दिए । *रासस*

# अल्पसंख्यक समुदायको अधिकार कार्यान्वयनमा जोड

■ प्रभाव संवाददाता

**काठमाडौं–** अल्पसंख्यकको अधिकार सुनिश्चित हुन नसकेको भन्दै सरोकारवालाहरूले चासो व्यक्त गरेका छन् । अल्पसंख्यकको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र जारी भएको ३० वर्ष पुगेको अवसरमा इण्डिजिनियस मिडिया फाउण्डेसन र डिग्निटी इनेसिएटिभले बुधबार काठमाडौंमा आयोजना गरेको अन्तर्क्रियामा सहभागीहरूले संविधानले दिएको अधिकार कार्यान्वयनमा जोड दिएका हुन् । उनीहरूले संविधानमा अल्पसंख्यकको अधिकार सुनिश्चित गरिए पनि व्यवहारमा कार्यान्वयन हुन नसकेको बताए ।

अधिवक्ता टेक ताम्राकारले अल्पसंख्यकलाई संविधानमा अधिकार दिए पनि प्रभावकारी कार्यान्वयन नभएको बताए । 'अल्पसंख्यकको अधिकार नेपालको संविधानमा सुनिश्चित गरिएको छ तर प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेको छैन,' उनले भने । उनले दलितको अधिकार के हो भन्ने बुझ्नुपर्ने बताए । दलित शब्द आफैंमा चुनौतीपूर्ण शब्द भएको उनको भनाइ थियो । 'राज्यले दलितका आधारभूत अधिकार व्यावहारिक गर्न कति लगानी गऱ्यो ?,' अधिवक्ता ताम्राकारले प्रश्न उठाए ।

नेपाल मधेसी फोरमका तुलानारायण साहले सीमान्तकृत र अल्पसंख्यक शब्द बाझिएको बताए । 'राज्यको पहुँच कम भएका सीमातकृत हुन्,' उनले भने, '२०६२/६३ को जनआन्दोलनपछि पनि पहिचानको ग्यारेन्टी भएन । राज्यको एकाइहरूमा पहुँच भएन । त्यहाँ पुग्ने प्रतिनिधि भएनन् ।' उनले मधेसीहरूको प्रतिनिधित्व झन् घटेको बताए । 'यहाँ ठूलो स्रोतले षड्यन्त्र गरिराखेको हुन्छ, हामी बुझ्न सक्दैनौं,' साहले भने । मधेस विविधताको बारेमा थप विमर्श हुनुपर्ने उनले आवश्यकता औंल्याए ।

अनुसन्धाता कैलाश राईले गएको तीन दशकमा भएका परिवर्तनहरूमा महिलाको भूमिका महत्त्वपूर्ण रहेको बताइन् । उनले अल्पसंख्य समुदायका महिलाको आवाज सो समुदायले नै कम सुनेको बताइन् । आदिवासी जनजाति समुदायभित्र अन्य समुदायमाभन्दा बढी लैंगिक समानता रहेको उनको भनाइ छ ।

कार्यक्रममा दुई चरणमा अन्तर्क्रिया गरिएको थियो । दुवै सेसनमा छुट्टाछुट्टै वक्ताहरूले अल्पसंख्यक समुदायको अधिकारको सवालमा आ-आफ्नो धारणा राखेका थिए ।

इण्डिजिनियस मिडिया फाउण्डेसनका अध्यक्ष देवकुमार सुनुवारले नेपालका महिला, आदिवासी जनजाति, मधेसी, दलित, मुस्लिम, अपांगता भएका, यौनिक अल्पसंख्यकलगायतको अधिकार व्यवहारमा सुनिश्चित गराउनका लागि कार्यक्रम आयोजना गरिएको बताए । उनले कार्यक्रममा वक्ता तथा सहभागीहरूबाट उठाइएको सवालबारे सरोकारवाला निकाय तथा अधिकारीहरूको ध्यानाकर्षण गराउने जानकारी दिए ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : NINESTAR IMAGE (MALAYSIA) SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/०४/२५ | पुन विज्ञापन स्वीकृति मितिः २०८०/०१/१३ | LT. No.269176 | चलानी नं. ६०१८५०५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing | 2 | 0 | 1500 | ४४,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० वैशाख २१ गते (4th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Humour Overseas Pvt. Ltd.** श्रम ईजाजत नं. ७७७/०६५/०६६

Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424

Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : THE SHIP (K.L.) SDN.BHD. शहर : Kuala Lumpur पुन विज्ञापन

पूर्व स्वीकृति मिति : २०२२/०८/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०२३/०४/२६ | LT. No. 269952 | चलानी नं . ६०१८५७९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Crew | 25 | 0 | 1500 | ४४,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० वैशाख २१ गते (4th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निः शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SKY POWER INTERNATIONAL SERVICE PVT. LTD.(EVEREST GLOBAL RECRUITMENT SERVICE PVT LTD)**

श्रम ईजाजत नं. १२७५/०७४/७५

Sallaghari Marg, Bansbari, Kathmandu

Tel:-+977 4372262, 4375012, Email:-skypower.rec@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : HONEY FOOD PACKAGING M SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०१/१३ | LT. No. 285325 | चलानी नं. ६०२००७३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | factory worker | 10 | 0 | 1500 | ४४,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय ललितपुरमा मितिः २०८० वैशाख २१ गते (4th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सामाजिक सुरक्षा कोष बापतको न्युनतम पहिलो किस्ताः रु.२,००२/- कामदार आफैले

सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**S.And S.Human Resource Pvt. Ltd.** श्रम ईजाजत नं. १२३८/०७४/०७५

Mahalaxmisthan, Lalitpur, Nepal Tel : +977-1-5523287

Fax : +977-1-5523287, E-mail : sands1238@gmail.com

## युएई/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GTGC TECHNICAL SERVICES L.L.C (Gopinath Technical Pvt. Ltd.)

पूर्व स्वीकृति मितिः २०८०/०१/१३ | LT. No. 285329 | चलानी नं. ६०२००७२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolder | 30 | 0 | 1200 | ४३,००५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Wall Painter | 20 | 0 | 1200 | ४३,००५ | | | | | | | |
| 3 | Gyupsum Carpenter | 10 | 0 | 1200 | ४३,००५ | | | | | | | |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

कम्पनी : MASAR AL-URUBAH OPERATION AND MAINTENANCE COMPANY IS A ONE-PERSON COMPANY.

पूर्व स्वीकृति मिति २०७९/०९/२४ | पुन विज्ञापन स्वीकृति मितिः २०८०/०१/१३ | LT. No. 279103 | चलानी नं. ६०१९४६०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 25 | 0 | 1000 | ३५,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ELHAM NASSER ABDULLAH ABU SARHAD CONTRACTING EST

पूर्व स्वीकृति मिति २०७९/०९/१७ | पुन विज्ञापन स्वीकृति मितिः २०८०/०१/१३ | LT. No. 278508 | चलानी नं. ६०१९४१७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 5 | 0 | 2000 | ७०,३०५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 5 | 0 | 1000 | ३५,१५० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० वैशाख २१ गते (4th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mansur Manpower Pvt.Ltd.** Govt. License 1218/074/075

G.P.O. Box: 473 Sambhu Marg, Airport Manpower Bazar, Kathmandu Nepal

Mobile :9801101712, 9801101715, E-mail: saim.mansur2017@gmail.com, mansur.manpower2017@gmail.com Website: www.mansurmanpower.com


## Godawari Municipality
### Office of the Municipal Executive
### Attariya, Kailali
### Sudurpaschim Province

## INVITATION FOR ONLINE BIDS.FOR SEALED QUOTATION

**First Date of publication: 2023-04-10 AD (2079/12/27 B.S.)**

**Second Date of publication: 2023-04-27 AD (2080/01/14 B.S.)**

1. Godawari Municipality, Office of the Municipal Executive.Attariya Kailali invites Sealed quotation (electronic bids only) from Nepalese eligible bidders for the contracts named below.
2. Bidder should deposit the cost of bidding document in the office's revenue account as specified below.

**Name of the Bank :** NIC Asia Bank Ltd., Attariya,Kailali.
**Name of the Office :** Godawari Municipality,Office of the Municipal Executive.
**Office Dharauri Account no :** 7141498622524001.
**Rajashwo (Revenue) Account no :** 0712051498622011.

3. The detail of works are as follows.

| Contract no./ID | Description of Works | Total Estimated Amount (Without Vat and contingencies)Nrs. | Bid Security Amount (Nrs.) | Bid Document Fee (Nrs.) |
|---|---|---|---|---|
| GM/SQ/W/02/2079/80 | Construction of Blacktop road and drain work at Bhangelu chwok dekhi paschim uttar huadai Kun Narayanko ghar samma | 1693762.28 | 50000 | Rs. 1,000.00 |
| GM/SQ/W/03/2079/80 | Michale Ranako ghar dekhi Suryodaya Aadharbhut Vidhyalaya samma adhuro pitch and Khemraj Bhandari ko ghar dekhi Ramjanaki mandir jane batoma kalopatre nirman | 1,521793.24 | 45000 | Rs. 1,000.00 |

Eligible Bidders may obtain all further information at the office of Municipality Executive, Telephone no: 091-508002 or may visit PPMO website http://www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# शिक्षामा ब्रह्मलुट

शैक्षिक सत्र २०८० का लागि यतिखेर देशैभरि भर्ना अभियान चलिरहेको छ । सामुदायिक अर्थात् सरकारी विद्यालयको शिक्षाको गुणस्तर दिनप्रतिदिन खस्कँदै गएपछि अभिभावकहरूले एक पेट खाएर भए पनि आफ्ना सन्तानलाई निजी विद्यालयमा भर्ना गर्न बाध्य भएका छन् ।

अहिलेको अवस्था र शैक्षिक सत्रको कुरा गर्ने हो भने कुनै पनि अभिभावकहरूले खुसीका साथ आफ्ना बालबालिकालाई पढाउन सक्ने अवस्था छैन । कर्मचारी हुन् या जनताले सबैको हालत उस्तै देखिन्छ । शिक्षामा व्यापार यसरी फस्टाएको छ कि त्यहाँ कुनै मोलतोल नै हुँदैन । विद्यालयले चाहे जति शुल्क असुल्न सक्छ र असुलिरहेकै छ । यसले आम विपन्न एवं मध्यम परिवारका नेपालीहरूको पहुँच क्रमश खुम्चँदै गइरहेको छ । निजी विद्यालयले प्रतिस्पर्धात्मकरूपमा आफूहरूलाई सक्रिय पनि गराइरहेका छन् । तर, सरकारी भवन, सुविधा लिएर सञ्चालन भइरहेका सामुदायिक विद्यालयमा राजनीतिकरण, शिक्षकहरू राजनीतिक दलका कट्टर कार्यकर्ता एवं नेता नै बनेका कारण गुणस्तरीय शिक्षा दिनुको सट्टा कतिपय जिल्लामा त खेताला शिक्षक नै खडा गरेर पनि जागिर खाइरहेका छन् ।

यही मौकाको फाइदा उठाउँदै राजनीतिक दलनिकट नेताहरूले नै शिक्षालाई व्यापारीकरण गर्दै छन् । अधिकांश निजी विद्यालयहरू दलका नेताहरूकै छ । नेतामात्र होइन अहिलेका शिक्षामन्त्री स्वयं विद्यालयका सञ्चालक हुन् । विगतमा शिक्षालाई सेवामूलक मानिन्थ्यो तर अहिले शिक्षा व्यापार बन्न थालेको छ, बनाइएको छ ।

सामुदायिक विद्यालय भनेको घरेलु श्रमिकका बालबालिका वा घरेलु श्रमिक अध्ययन गर्ने विद्यालयका रूपमा चिनाउने काम गरियो । र, निजी विद्यालयमा शिक्षाको गुणस्तर प्रशस्त छ भन्ने भ्रम पारेर अभिभावक दिग्भ्रमित बनाउने काम सरकारी निकाय, राजनीतिक दलका शीर्षस्थ नेताहरूबाट नै भएको देखिन्छ ।

किनकि, नेपालमा निजी विद्यालयका सञ्चालक भनेकै कांग्रेस, एमालेका नेता छन् । सरकारमा रहेका दलहरूले सामुदायिक विद्यालयको गुणस्तर जसरी हुन्छ कमजोर बनाउने र निजी विद्यालयप्रतिको आकर्षण बढाउने गरेका कारण नै अहिलेको अवस्था आएको हो ।

हरेक वर्षको शैक्षिक सत्र सुरु हुने समयमा मुलुकमा सरकार छ र भन्ने भान हुन्छ । सरकारले शिक्षा क्षेत्रलाई नियन्त्रणमा राख्न नसकेका कारण पनि आमनागरिकमा सरकार भएको महसुस हुन सकिरहेको छैन । शिक्षा वस्तु किनेको जस्तो व्यापार हुनु हुँदैनथ्यो तर भइरहेको छ । अझ पछिल्लो समय आधुनिक शिक्षाका नाममा विद्यायलमा नै कापी कलम, पोसाक, जुत्तामात्र खरिद गर्नुपर्ने होइन विद्यायलमा नै खाजा र खाना अनिवार्य हुने गरेका कारण पनि विद्यालय व्यापार बन्दै गएको छ । शिक्षामा ब्रह्मलुट भइरहेको छ ।

शिक्षा क्षेत्रमा देखिएको यस खाले विकृतिका कारण यसलाई नियन्त्रण गर्न जरुरी भइसकेको छ । त्यसैले सरकार छ भन्ने अनुभूति दिलाउनका लागि पनि शिक्षा क्षेत्र सरकारी नियन्त्रणमा राख्नु जरुरी छ ।

## मननयोग्य

### चाणक्य नीति

अनेक गुण सम्पन्न विदुरले धृतराष्ट्रलाई नीतिगत उपदेश मात्र गरेनन् । उनले त कुरु राजघरानामा बेलाबखत देखापर्ने जटिल समस्याहरू समेतलाई समाधान गर्ने गरेका थिए । पाण्डुका पाँचवटै छोरा पाण्डु वन निवास गर्दै गरेको समयमा जन्मिएका थिए। त्यतिबेला सबैलाई थाहा थियो कि आपका (या रोगको कारणले) राजा पाण्डु सन्तान उत्पत्ति गराउन सक्षम छैनन् ।

यस्तो स्थितिमा जन्मेका पाण्डुपुरहरूलाई राजपरिवारको सदस्य, पाण्टुका सन्तान हुन् भनी स्वीकार गराउनलाई पनि ज्यादै सुझबुझ लगाउनुपर थियो । यस्तो अवस्थामा पनि पाण्डुपुत्रहरूलाई 'राजपुर पाण्डव' र दुर्योधनाधिलाई कौरव भन्ने स्वीकार गराउनमा पर्दाका पछाडि विदुरको महत्वपूर्ण भूमिका रह्यो । यति मात्र होइन, पाण्डुपुत्रहरूलाई परिश्रमी र लगनशील रूपमा तयार गराएर आर्यावर्तका सर्वश्रेष्ठ व्यक्ति हुन् भन्ने पनि सिद्ध छाडेका थिए ।

युधिष्ठिरलाई युवराज बनाउनमा पनि विदुरले महत्त्वपूर्ण भूमिका खेलेका थिए । जब वारणावतको लाक्षागृहमा कुन्तीसहित पाण्डुपुत्रहरूलाई हत्या गर्ने षड्यन्त्र गरियो त्यसबाट पाण्डवहरूलाई बचाउन विदुरले नै अहम् कार्य गर्नुपरेको थियो । द्रौपदीको स्वयम्बरपश्चात् विदुरले नै कुलवधू द्रौपदीसहित पाँच पाण्डव र कुन्तीलाई हस्तिनापुरमा आफ्नो साथ ल्याएका थिए ।

जब कि सबैले पाण्डवहरूलाई लाक्षागृहमा डढेर मरिसके भन्ने विश्वास गरेका थिए, यस्तो अवस्थामा पनि पाण्डवहरू जीवित नै छन् अनि जुन ब्राह्माण पुत्रले द्रौपदीको स्वयम्वरमा लक्ष्यवेध गर्यो ऊ नै अर्जुन हो र बाँकी पाँच भाइ पाण्डव हुन् भनी विश्वास दिलाउन विदुरलाई कति कठिन पर्यो होला सहजै अनुमान गर्न सकिने कुरा हो । त्यसमा पनि धृतराष्ट्र र भीष्मपितामहलाई (पत्यार) विश्वास दिलाउन झनै असजिलोसमेत परेको थियो ।

# दुरा समुदायको इतिहास र संस्कृति झल्किने पुस्तक

▶▶ कृष्ण अधिकारी

आजकल, कतिपय अध्येताले देशका जातजातिको जीवनशैलीलाई समेटेर अध्ययन गर्ने तथा कृति प्रकाशन गर्ने क्रममा मन्दी आएको विचार राख्दै आएका छन् । नेपालजस्तो जातजाति, भाषा, संस्कृति आदिका दृष्टिले विविधताले भरिएको देशका लागि यस्तो आवाज आउनु सुखद् प्रसंग अवश्य पनि होइन । यद्यपि, यस क्षेत्रमा काम ठप्पै भएको भने होइन । हुनुपर्ने जति काम नभए पनि केही न केही कामचाहिँ अवश्य भइरहेको छ ।

यस क्रममा लमजुङको दुराडाँडा क्षेत्र मूल थातथलो मानिएको दुरा समुदायबारे खोजमूलक कृति आएको छ । कृतिको नाम हो- 'दुरा इतिहास र संस्कृति' । दुरा समुदायको ऐतिहासिक र सांस्कृतिक पक्षलाई समेटेर 'दुरा इतिहास र संस्कृति' नामक खोजमूलक पुस्तक प्रकाशन भएको छ ।

> नवप्रकाशित पुस्तकका कृतिकारले दुरा समुदायको इतिहास र संस्कृतिलाई द्रष्टा र भोक्ता दुवैरूपमा चित्रण गरेका छन् । पुस्तकले दुरा समुदायबारे आएका भ्रामक भाष्यलाई चिर्ने काम पनि गरेको छ । यसैगरी, दुरा समुदायको सांस्कृतिक पक्षबारे कतिपय लेखकले अज्ञानवश तथा भूलवश लेखेका भ्रामक जानकारीलाई सप्रमाण भ्रम निवारण गर्ने प्रयास गरिएको छ । पुस्तकलाई प्राज्ञिक बनाउने प्रयास पनि भएको छ ।

अल्पसंख्यक अवस्थामा रहेको दुरा समुदायले मूलतः भाषिक तथा जनसांख्यिक समस्या भोग्दै आएको छ । यसबाट दुरा समुदायको पहिचान पनि संकटमा पर्दै गएको अनुभूत गरिँदै छ । दुराहरूको भाषा पनि मृतप्रायः अवस्थामा छ । वि.सं. २०५८ को राष्ट्रिय जनगणनाअनुसार दुरा जातिको कूल जनसंख्यामा पाँच हजार १६९ रहेको छ । वि.सं. २०६८ को राष्ट्रिय जनगणनाअनुसार दुराहरूको पाँच हजार ३९४ रहेको छ । दुरा सेवा समाजले २०५४ सालमा गरेको एक अध्ययनमा पाँच हजार ६७६ रहेको छ । त्यसमा जिल्लागत जनसांख्यिक वितरण हेर्दा लमजुङ ७२ प्रतिशत, तनहुँ १६ प्रतिशत, चितवन छ प्रतिशत, कास्की तीन प्रतिशत र अन्य जिल्ला तीन प्रतिशत रहेको छ ।




यस पुस्तकमा दुरा समुदायको समीक्षात्मक इतिहास, थातथलो, जनसंख्या, भाषिक पक्ष तथा जन्मदेखि मृत्युसम्मका संस्कार समेटिएका छन् । यसैगरी, दुरा समुदायमा प्रचलित विश्वास प्रणाली, खाद्य संस्कृति, चाडवाड, परम्परागत उपचार पद्धति, दुरा समुदायको पहिचानसँग जोडिएका स्थान, नाम, लोकजीवनका विभिन्न रोचक आयाम एवं अमूर्त सांस्कृतिक सम्पदा आदिबारे विस्तृत चर्चा गरिएको छ । पुस्तकमा संक्षिप्त इतिहास र परिचय, दुरा समुदायको पहिचानसँग जोडिएका स्थान, नाम, अमूर्त सांस्कृतिक सम्पदा, विश्वास प्रणाली, लोकजीवन, चाडपर्व तथा उत्सव, खाद्य संस्कृति, परम्परागत ओखतीमूलो, पूजाआजा, जन्म संस्कार, विवाह पद्धति र मृत्यु संस्कारलाई विस्तृतरूपमा समेटिएको छ ।

कूल १२ अध्यायमा विभक्त पुस्तकको परिचय खण्डमा इतिहास, थातथलो, जनसंख्या भाषिक पक्ष एवं वेशभूषालाई समेटिएको छ । पुस्तकमा समाज समयक्रमसँगै व्यक्तिवादी बन्दै गएको घडीमा पनि दुरा समुदायमा बाँचिरहेका सामूहिक जीवनशैलीका झलकलाई प्रस्तुत गरिएको छ । दुरा समुदायको जीवनशैलीलाई चित्रण गर्ने क्रममा माइती राख्ने, सियो राख्ने, लोबारे खाने, रोदी बस्ने, माया विचार्ने, चियाँ हेर्नेजस्ता अनौठो सांस्कृतिक रीतभाँतबारे रोचक शैलीमा वर्णन गरिएको छ । यस्ता रोचक सांस्कृतिक रीतभाँतलाई जनाउने शब्दको अर्थ बुझाउन अनुसूची खण्डमा पारिभाषिक शब्दावलीसमेत दिइएको छ ।

पुस्तकमा दुरा समुदायको पहिचानसँग जोडिएका स्थान नामबारे चर्चा गरिएको छ । यस क्रममा क्रममा कुनै समयमा दुरा समुदायको बसोबास भएको र अहिले बसोबास नभएका तर दुरा समुदायको पहिचान भने कायमै भएका ठाउँका बारेमा दुर्लभ प्रकृतिका जानकारी दिइएको छ । दुरा थोक, दुरा गाउँ, दुरा टहरा, दुर ाबारी, दुराको बाेट आदि ठाउँका बारेमा हालसम्म बाहिर नआएका जानकारी पस्किने काम भएको छ ।

पुस्तकमा दुरा समुदायमा प्रचलित परम्परागत ओखतीमूलो तथा उपचार पद्धतिबारे पनि प्रकाश पारिएको छ । आजको भोगवादी युगमा महँगो आधुनिक औषधोपचारले बजार पिटिरहेको घडीमा त्यस्ता परम्परागत उपचार पद्धति मूल्यहीनझैँ लाग्नसक्छ तर, औषधोपचार निरन्तर महँगो बन्दै गएको छ । नागरिकले उपचारका नाममा अनावश्यक रूपमा महँगो मूल्य चुकाउनु परिरहेको छ । पुस्तकमा वर्णित परम्परागत ओखतीमूलोबारे अध्ययन गरिरहँदा परम्परागत ज्ञानमा आधारित यस्ता उपचार पद्धतिलाई ब्युँताउन पाएमा नागरिकलाई केही राहत मिल्थ्यो कि भन्ने चेतना पनि पलाउँछ ।

प्राध्यापन तथा शोधकार्यमा संलग्न यमबहादुर दुराले शोधकार्यपछि पुस्तक लेखेको हुन् । यसभन्दा अघि पनि विभिन्न अध्येताले दुरा समुदायबारे लघु शोधपत्र नलेखेका होइनन् । जनकवि केशरी धर्मराज थापा, राजेश गौतम तथा अशोक थापा मगर, नगेन्द्र शर्मा आदिले आ-आफ्ना पुस्तकको एक हिस्साका रूपमा दुरा समुदायबारे केही प्रकाश पारेका छन् । यसैगरी, डा. गणेशमान गुरुङ, डा. ऋषिकान्त अधिकारी, मुक्तिनाथ घिमिरे आदिले दुरा समुदायबारे सग्लो पुस्तक नै लेखेका छन् । यद्यपि, विषयवस्तुको फैलावट, अन्तरवस्तुको व्यवस्थापन र प्रस्तुतीकरणका दृष्टिले यस कृतिलाई हालसम्मकै सघन र व्यापक मानिएको छ ।

नवप्रकाशित पुस्तकका कृतिकारले दुरा समुदायको इतिहास र संस्कृतिलाई द्रष्टा र भोक्ता दुवैरूपमा चित्रण गरेका छन् । पुस्तकले दुरा समुदायबारे आएका भ्रामक भाष्यलाई चिर्ने काम पनि गरेको छ । उदाहरणका लागि, भारतमा मुसलमान आक्रमण भएपछि राजस्थानस्थित चित्तौडगढबाट भागेर आएका राजपूत रमणी र उनका नोकरबीचको संसर्गबाट दुरा जातिको उत्पत्ति भएको भन्ने अपमानजनक भनाइ कसै कसैले अघि सारेका छन् । विनाऐतिहासिक आधार तथा प्रमाण अघि सारिएका यस्ता भाष्यलाई विभिन्न ऐतिहासिक साक्ष्य तथा प्रमाणका आधारमा खण्डन गरिएको छ ।

यसैगरी, दुरा समुदायको सांस्कृतिक पक्षबारे कतिपय लेखकले अज्ञानवश तथा भूलवश लेखेका भ्रामक जानकारीलाई सप्रमाण भ्रम निवारण गर्ने प्रयास गरिएको छ । पुस्तकलाई प्राज्ञिक बनाउने प्रयास पनि भएको छ । सूचनाको स्रोतलाई शोधविधि अनुसार उद्धरण गर्ने प्रयास गरिएको छ । पुस्तकमा सन्दर्भ सामग्री, अनुक्रमणिका, 'क्रस रिफरेन्स' तथा अनुसूचीलाई पनि दिइएको छ । आवश्यकताअनुसार मौखिक स्रोत पनि प्रयोग गरिएको छ, जुन एक प्रकारले नयाँ अभ्यास देखिन्छ । यसका अतिरिक्त लेखक दुरा समुदायकै व्यक्ति भएकाले आफ्नो समुदायमा हुर्कंदा बढ्दा देखेभोगेका सांस्कृतिक जीवनका आयामलाई अनुभवप्रधान र अवलोकनमूलक दृष्टिबाट प्रस्तुत गर्ने काम गरिएको छ ।

पुस्तकमा सुधान गर्नुपर्ने पक्ष पनि देखिन्छ । दुरा समुदायको सांस्कृतिक पक्षको वर्णन गर्दा पुस्तक मूलतः वर्णनात्मक देखिएको छ । यद्यपि, यसमा विश्लेषण तथा समीक्षा नभएको होइन । खासगरी, सांस्कृतिक पक्षको वर्णन गर्दा त्यसको विश्लेषणात्मक पक्षलाई पनि अझ मजबुत बनाउन सकेको भए पुस्तक अझ बढी पठनीय हुने थियो । पुस्तकमा ठाउँ-ठाउँमा तस्बिर पनि प्रयोग गरिएका छन् । तर, पुस्तक पढ्दै जाँदा पाठ (टेक्स्ट) मा वर्णित सन्दर्भ बुझाउने खालका सान्दर्भिक तस्बिर तथा ग्राफिक्सको कमी भएको प्रतीत हुन्छ ।

समग्रमा भन्दा, यस पुस्तकलाई दुरा समुदायको 'इथ्नोग्राफिक अध्ययन' को गतिलो खुराकको रूपमा लिन सकिन्छ । भविष्यमा दुरा समुदायबारे थप अध्ययन गर्न चाहनेका लागि यस पुस्तक एउटा गतिलो आधार बन्न सक्छ । साथै, नेपालका अल्पसंख्यक दुरा समुदायको इतिहास र संस्कृतिको अभिलेखीकरण तथा सम्वर्द्धनमा पुस्तकले रचनात्मक भूमिका खेल्ने अपेक्षा गर्न सकिन्छ । *रासस*

## पत्र–मञ्जुषा

# रेमिट्यान्सको भरमा अर्थतन्त्र चलाउने कहिलेसम्म ?

अन्य सरकारी कार्यालयको तुलनामा अहिले जिल्ला प्रशासन (सिडिओ) कार्यालय र राहदानी विभागमा एकदमै भीड छ । नागरिकता लिने र पासपोर्ट बनाउनेको संख्या उच्च छ । पासपोर्ट लगेर म्यानपावर कम्पनी वा कन्सल्टेन्सीलाई दिने अनि ऋणपान गरेर विदेश जाने क्रम केही वर्षयता ह्वात्तै बढेको छ । सरकार रेमिटयान्सका लागि नेपालीलाई भेँडाबाखाझैं बेचिरहेको छ । उनीहरूले रातदिन नभनी कमाएर पठाएको रेमिटयान्सले सरकारी खर्च धान्छ । सरकार नै दलालीलेको काम गरिरहेको छ ।

जसरी हुन्छ सरकारलाई पैसा चाहिएको छ । चाहे त्यसका लागि जनता खसीबोकाझैं बेच्न नै किन नपरोस् । नपढेकालाई खाडी, पढेकालाई अमेरिका, अस्ट्रेलिया र युरोपियन मुलुक । यसअघिका सरकारले खाडी मुलुक जानेलाई 'फ्रि भिसा, फ्रि टिकट' भनेको थियो । कागजात मिलाउनका लागि म्यानपावरले १० हजार रूपैयाँमात्र लिन पाउने भनिएको थियो । तर, त्यो निर्णय कार्यान्वयनमा आयो त ? म्यानपावरहरूले खाडी मुलुक जानका लागि चारदेखि पाँच लाख रूपैयाँसम्म असुलिरहेका छन् ।

त्यो पनि सरासर उडाइदिए हुन्थ्यो नि ! पासपोर्ट र पैसा पहिल्यै लिने अनि एक वर्षसम्म झुल्याइदिने । म्यानपावर सञ्चालक र एजेण्टको मिलोमतोमा सोझा मानिसलाई दुःख दिने काम भइरहेको छ । यहाँबाट एउटा काम भनेर पठाउँछन् । उता पुगेपछि भनिएको भन्दा ठ्याक्कै उल्टो काम हुन्छ । कतिपय महिनौंदेखि तलब नपाएर भोकभोकै रन्थनिएका हुन्छन् ।

कति नेपाल फर्किन सहायता खोज्दै हिँडेका छन् । महिलाहरू यौन शोषणको सिकार बन्न पुगेका छन् । यस्तो हुँदा पनि सरकार कहाँ छ ? सरकारलाई विदेशमा भएका नेपालीको अलिकति पनि माया लाग्दैन ? कमाउने सपना देखेर उडेकाहरू कफिनमा फर्किरहेका छन् । पैसा नभएर कतिपयको लाश विदेशी भूमिमै अलपत्र परेको छ । त्यही नेपालीले पठाएको रेमिटयान्सले आफ्नो खर्च धान्ने सरकारले उनीहरूको हकहितमा के काम गरेको छ ? काम गर्दागर्दै विदेशी भूमिमा ज्यान गुमाएकाको लाश त फर्काउन सक्दैन ।

कन्सल्टेन्सी झन् ठग संस्था बनेको छ । संस्थाको आवरणमा दिउँसै रात पार्ने काम यिनीहरूले गर्दै आएका छन् । राम्रो देश पठाइदिन्छु भन्दै पैसा उठाउने अनि कुलेलाम ठोक्ने । पछिल्लो केही समययता कन्सल्टेन्सीका नाममा ठगिनेहरू छयाप्छयाप्ती भेटिन्छन् । म्यानपावर र कन्सल्टेन्सीले सर्वसाधारणलाई धमाधम आफ्नो जालोमा पारेर लुटिरहेका छन् । एक महिनामा पठाउँछु भन्ने, पैसा लिने अनि वर्षौंसम्म झुलाइरहने प्रवृत्ति रोकिएको छैन ।

विदेशिन खोज्नेहरूलाई म्यानपावर र कन्सल्टेन्सीको चक्कर लगाउँदै ठिक्क भएको छ । सबै आफ्नै पैसा हालेर विदेश जानसक्ने अवस्थाका छैनन्, यहाँ । ऋण गरेर म्यानपावरमा बुझाउनेहरू यत्तिकै हुन्छन् । खुट्टामा एक जोर चप्पल नभएकालाई समेत म्यानपावरले ठग्छ । साहुसँग एक लाखको मासिक पाँच हजारदेखि ३० हजार ब्याज दिने सर्तमा ऋण ल्याएका हुन्छन् । तर, म्यानपावरले छिटोछरितो काम नगर्दा उनीहरू मर्कामा परेका छन् । एकातिर ब्याज बढेको बढ्यै हुन्छ, अर्कोतिर कहिले जाने ठेगान छैन ।

देशमा श्रम मन्त्रालय छ, श्रम विभाग छ । तर, तिनले श्रमिकका हकहितमा काम गरेचाँहि के ? राज्यको ढुकुटी रित्तो पार्नका लागि मात्र मन्त्रालय र विभागको स्थापना गरेकोजस्तो देखिँदैन ।

१६ देखि ४० वर्षसम्मका नेपालीहरू विदेश नै हिँडिरहेका छन् । काम नभएपछि के गर्ने ? भोकले सानो र ठूलो उमेर हेर्दैन । बेरोजगारी निरन्तर उकालो लागिरहेको छ । अन्तिम विकल्प बनेको छ, वैदेशिक रोजगार । सरकारबारे विद्यार्थीको धारणा के छ ? यो त माध्यमिक शिक्षा परीक्षा सकिँदादेखि नै सकेको छ । विद्यार्थीले समेत सरकारलाई गिज्याइरहेका छन् तर सरकारलाई रत्तिभर पनि लाज लागेको छैन ।

बाहिर काम गरेर उनीहरूले नेपालमा पैसा पठाउँछन् । उनीहरूले पठाएको रेमिटयान्सले सरकारी खर्च धानेको अवस्था छ । यस्तो अवस्था लम्बिनु मुलुकको लागि राम्रो हुँदै होइन । वैदेशिक रोजगारीलाई बाध्यात्मक अवस्थाबाट मुक्त गराउन जरुरी छ । यसतर्फ राज्य नेतृत्वकर्ताको ध्यान कहिले जाला ?

*– अनुसा थापा, भक्तपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

द्रष्टव्य : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नुहुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.

# विपद् जोखिम न्यूनीकरणमा ध्यान दिन आग्रह

**सिन्धुपाल्चोक (प्रस)**– विपद्जन्य घटनाहरूबाट बर्सेनि ठूलो मात्रामा जनधनको क्षति र विकासका पूर्वाधारहरूमा हुने नोक्सानी रोक्न तीनै तहका संयन्त्रको सक्रिय भूमिका आवश्यक रहेको सरोकारवालाहरूले बताएका छन् ।

पाँचपोखरी थाङपाल गाउँपालिका-४ थाङपालकोटमा मंगलबार आयोजित 'जलवायु परिवर्तन र विपद् जोखिम न्यूनीकरण स्थानीय अनुकूलन'सम्बन्धी एकदिने राष्ट्रिय कार्यशालामा सहभागीहरूले हरेक योजना बनाउँदा विपद्लाई पनि जोड्न स्थानीय तहलाई आग्रह गरेका थिए । गोरखा भूकम्पको आठ वर्ष पुगेको दिन बुधबार आर्सो नेपाल, टिजिएच, एफडिएफ, एएफडी, सिटी अफ पेरिस तथा उक्त गाउँपालिकाको समन्वयमा भएको कार्यक्रममा गैरसरकारी संस्था महासंघका केन्द्रीय अध्यक्ष रामप्रसाद सुवेदीले विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि भएका नीतिगत कानुनी र संस्थागत व्यवस्थालाई प्रभावकारीरूपमा कार्यान्वयन गर्न जोड दिए ।

हरेक तहका सरकारले आ-आफ्नो स्थानबाट राम्रो प्रयास गरे पनि तीनै तहका सरकारबीचको समन्वयात्मक एकीकृत प्रतिकार्यलाई अझै प्रभावकारी बनाउन सकिने राष्ट्रिय विपद् जोखिम व्यस्थापन सञ्जालका महासचिव विष्णुप्रसाद तिमल्सिनाले बताए । विपद् बाह्रै महिना राज्यको प्राथमिकताको विषय बन्नुपर्नेमा उनको जोड थियो ।

विपद् जोखिमलाई विकासको अभिन्न अंगका रूपमा तीनै तहका सरकारले आत्मसात् गरी अघि बढ्नु आवश्यक भएको गाउँपालिकाका उपाध्यक्ष सुनिता अधिकारीले बताए । उनले भूकम्पपछि आर्सो नेपाल तथा सहयोगी विदेशी संस्थाले पालिकामा गरेका कामबारे प्रशंसा गर्दै आगामी दिनमा पनि यस्ता परियोजना सञ्चालन गर्न आग्रह गरे । उपाध्यक्ष अधिकारीले पालिकाले विपद् व्यवस्थापन तथा न्यूनीकरणका लागि स्रोतले भ्याएसम्म बजेट विनियोजन गरेर काम गरिरहेको बताए ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयअन्तर्गत वातावरण तथा विपद् व्यवस्थापन शाखाका जयराम उप्रेतीले नेपाल भूकम्प, बाढी, डुबान र पहिरोको निकै जोखिममा रहेको उल्लेख गर्दै विपद् व्यवस्थापन तथा जलवायु परिवर्तनको नीति तथा ऐनमा उल्लेखित विषयमा जानकारी गराए । विपद् व्यवस्थापनमा स्थानीय तहले प्राथमिकता दिनुपर्नेमा आर्सो नेपालका कार्यकारी निर्देशक जितराम तामाङले जोड दिए। यस्ता कार्यक्रम गाउँमा नै आयोजना गर्दा अझ प्रभावकारी हुने र स्थानीयवासीको आवाज समेट्न सजिलो हुने भएकाले कार्यशाला ग्रामीण भेगमै आयोजना गरिएको सोही संस्थाका परियोजना संयोजक हर्क तामाङले उल्लेख गरे ।

थाङपाल उपत्यका एकीकृत पुनर्लाभ कार्यक्रमको समापन

आर्सो नेपालद्वारा सञ्चालित थाङपाल उपत्यका एकीकृत पुनर्लाभ कार्यक्रम समापन गरिएको छ । पाँचपोखरी थाङपाल गाउँपालिकाको आयोजनामा गाउँपालिका-६ मा सोमबार भएको समापन कार्यक्रममा गाउँपालिकाका अध्यक्ष टासी लामाले २०७२ साल वैशाख १२ को भूकम्पपश्चात् थाङपाल क्षेत्रमा प्रवेश गरेको यो संस्थाले पुनर्निर्माण, जीविकोपार्जन, खानेपानी, वन, वातावरण तथा सरसफाइका क्षेत्रमा महत्त्वपूर्ण काम गरेको बताउँदै अबका दिनमा पनि सहयोगका लागि अपेक्षा गरे ।

## ओलीलाई...

पृष्ठ १ बाट जारी

क्षेत्रमा एमाले पुगेको छ,' ओलीको दाबी थियो ।

उनले पार्टीका नेतृत्व र कार्यकर्ताभित्र भएका असन्तुष्टिलाई पार्टीभित्रै छलफल र संवाद गरेर समाधान गर्न आग्रह पनि गरे । 'साथीको बात नसहने तर शत्रुको लात सहने नगरौं,' ओलीले भने ।

**ओलीमाथि किन आक्रोशित ?**

प्रदेश १ को नाम कोशी राखेपछि भएको आन्दोलनको ओलीले विरोध गरेका थिए भने नामकरणमा बचाऊ । 'मिसन ग्रासरुट' अन्तर्गत १० चैतमा झापा पुगेर ओलीले नामकरणको बचाऊ गरेका थिए । प्रदेशको नाम कोशी भएकोमा ओलीले खुसी व्यक्त गर्दै भनेका थिए, 'निर्वाचनपछि सजिलोसँग सरकार बनेको नै यहाँको हो । त्यतिबेला प्रदेशको नाम प्रदेश १ थियो । सरकार बन्दा पनि एक नम्बरकै काम भयो ।'

प्रदेश नामाकरणमा एकीकृत समाजवादीले भने सघाएन । यसप्रति ओलीले रोष प्रकट गरे त्यतिबेला । 'चार जनाबाहेक सबैले मत हाले । एउटा चोइटो छ । टुक्रिएको एकीकृत छ । कांग्रेसको पछि लागेर समाजवादी भन्छ,' ओलीले भनेका थिए, 'त्यसलेमात्र मत हालेन ।'

नेकपा एकीकृत समाजवादी प्रदेशसभा १ संसदीय दलका नेता राजेन्द्र राईले प्रदेश १ को नाम किराँत लिम्बुवान सगरमाथा राख्नुपर्ने प्रस्ताव प्रदेशसभामा टेबुल गरेका थिए । यो प्रस्तावको पक्षमा नेकपा एकीकृत समाजवादी र जनता समाजवादी पार्टीमात्र देखिएपछि अस्वीकृत भएको थियो ।

ओलीले कोशी प्रदेश नामाकरण गरेकोमा धन्यवाद दिँदै भनेका थिए, 'कोशी प्रदेशसभालाई धन्यवाद छ । यसलाई कोशी प्रदेशको नामाकरण गर्नुभएकोमा मुख्यमन्त्रीज्युलाई धन्यवाद छ । उहाँले यसलाई ठीक ठाउँमा राख्नुभयो । धन्यवाद छ कार्की प्रदेश राख्नुभएन । सबैले माग्या छन् आफ्नो-आफ्नो नाममा । उहाँले पनि आँटेर एउटा नाम राखेको भए ?'

उनले जात र थरको नाममा नामाकरण माग गर्नु ठीक नभएको बताएका थिए । सभ्यताभन्दा पानी ठूलो भएको उनको दाबी थियो । 'कतिले नाममा विरोध गर्न थालेका छन् । एउटा जातको नाममा एउटा थरको नाममा एउटा सभ्यताको नाममा,' ओलीले भनेका थिए, 'एउटा सभ्यता त त्यहाँको पानी पिएर हुर्केको हो । सभ्यता ठूलो कि पानी ठूलो ? कोशी नै थिएन भने सभ्यता कसरी आउँछ ? पानी नै थिएन भने कसरी बन्छ चिया ? कसैको निजी हैन कोशी ।'


## कम्पनी/उद्योग दर्ता खारेजी सम्बन्धी सूचना

श्री कम्पनी रजिष्टारको कार्यालय त्रिपुरेश्वरमा दर्ता भएको **प्रा.लि. नं. २३०९८९** को **स्वच्छन्द पार्टी प्यालेस प्रा.लि.** कम्पनीलाई मिति २०८०/०१/१२ को विशेष साधारणसभाले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम कम्पनी स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण सहित हकदाबी गर्न कम्पनी रजिष्टारको कार्यालय त्रिपुरेश्वर काठमाडौंमा सम्पर्क राख्नहुन सम्बन्धित सवैको लागि यो सूचित गरिन्छ । सो अवधि समाप्ती पछि कम्पनी कानून बमोजिम खारेजी भईजाने र कम्पनी खारेज भए पछि कोही कसैको दाबी नलाग्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

**लिक्विडेटरः माधब प्रसाद अधिकारी, ठेगाना : ललितपुर-५, फोन नं. ९८५१०८११६८**



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FLARE FITNESS HEALTH INSITITUTE CO

पूर्व स्वीकृति मिति :२०८०/०१/१३ | LT. No.285316 | चलानी नं. ६०२००७२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners | 0 | 10 | 110 | ४७,२९० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Security Guard | 0 | 2 | 125 | ५३,७४० | | | | | | | |
| 3 | Supervisor | 0 | 1 | 180 | ७७,३८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० वैशाख २१ गते (4th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Sunlight Recruitment Service Pvt.Ltd.**

Shantinagar, Kathmandu, Nepal Tel.01-4620777
E-mail: info@sunlightrecruitment.com.np, sunlightrecruitmentservice@gmail.com
Website : www.sunlightrecruitment.com.np

Sunlight Recruitment Service Pvt. Ltd. Govt.Lic No:1189/073/074



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NAIL AFFAIR LADIES BEAUTY SALON COMPANY

पूर्व स्वीकृति मितिः २०८०/०१/१३ | LT No. 285298 | चलानी नं. ६०२००७१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Nail Technician | 0 | 4 | 150 | ६४,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० वैशाख २१ गते (4th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।**

**SUPREME OVERSEAS PVT. LTD.**

श्रम ईजाजत नं. ३०१/०५९/०६०

Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464 | Fax: 01-4600047
Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL MABIA SERVICES L.L.C.

पूर्व स्वीकृति मिति २०८०/०१/१३ | LT. No. 285304 | चलानी नं. ६०२००७२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hotel Cleaner | 50 | 0 | 800 | १८,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : AL MABIA SERVICES L.L.C.

पूर्व स्वीकृति मिति २०८०/०१/१३ | LT. No. 285305 | चलानी नं. ६०२००७२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hotel Cleaner | 0 | 50 | 800 | १८,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० वैशाख २१ गते (4th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**VARSHA MANPOWER PVT. LTD.**

(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)

श्रम ईजाजत नं. ९५४/०६७/६८

Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LAYALI ZMAN BUILDING CLEANING SERVICES.

पूर्व स्वीकृति मिति २०८०/०१/१३ | LT. No. 285307 | चलानी नं. ६०२००७२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 30 | 0 | 900 | ३२,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० वैशाख २१ गते (4th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।**

**त्रिकोण म्यानेजमेन्ट सर्भिसेज प्रा.लि.**

श्रम ईजाजत नं. ५०३/०६१/०६२

पो.ब.नं. १९४६४, काठमाडौं, नेपाल, फोन ५४५६०२०/५४५६०१९
सम्पर्क नं : ९८०१२५०५५५, ९८०११०५५७७



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MODISH UNITED READYMADE CLOTHS COMPANY

पूर्व स्वीकृति मिति २०७९/०८/२१ | पुन विज्ञापन स्वीकृति मितिः २०८०/०१/१३ | LT. No. 277357 | चलानी नं. ६०१९२९१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Women's Cloth Saler/ Sales Girl | 0 | 17 | 135 | ६०,६८० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaner | 0 | 3 | 90 | ३०,३४० | | | | | | | |

कम्पनी : GRAND HOTEL KUWAIT

पूर्व स्वीकृति मिति २०७८/०९/२२ | पुन विज्ञापन स्वीकृति मितिः २०८०/०१/१३ | LT. No. 255767 | चलानी नं. ६०१६५१६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bakery & Pastry Chef | 0 | 1 | 130 | ५५,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Barista | 3 | 3 | 140 | ५९,५१५ | | | | | | | |
| 3 | Carpenter | 1 | 0 | 150 | ६३,७६५ | | | | | | | |
| 4 | Chef De Partie | 1 | 1 | 200 | ८५,०२५ | | | | | | | |
| 5 | Commi Chef | 2 | 1 | 120 | ५१,०१५ | | | | | | | |
| 6 | Demi Chef | 2 | 1 | 160 | ६८,०२० | | | | | | | |
| 7 | Driver | 2 | 0 | 150 | ६३,७६५ | | | | | | | |
| 8 | Executive Housekeeper | 1 | 0 | 280 | ११९,०३५ | | | | | | | |
| 9 | General Technician | 1 | 0 | 170 | ७२,२७० | | | | | | | |
| 10 | Housekeeping Attendant | 6 | 8 | 100 | ४२,५१० | | | | | | | |
| 11 | Housekeeping Supervisor | 0 | 1 | 180 | ७६,५२० | | | | | | | |
| 12 | Kitchen Equipment Specialist | 1 | 0 | 200 | ८५,०२५ | | | | | | | |
| 13 | Laundry Equipment Specialist | 1 | 0 | 200 | ८५,०२५ | | | | | | | |
| 14 | Laundry Man | 2 | 2 | 100 | ४२,५१० | | | | | | | |
| 15 | Painter | 2 | 0 | 150 | ६३,७६५ | | | | | | | |
| 16 | Plumber | 1 | 0 | 150 | ६३,७६५ | | | | | | | |
| 17 | Receptionist | 1 | 1 | 150 | ६३,७६५ | | | | | | | |
| 18 | Sous Chef | 1 | 0 | 300 | १२७,५३५ | | | | | | | |
| 19 | Steward | 8 | 0 | 100 | ४२,५१० | | | | | | | |
| 20 | Waiter/waitress | 2 | 4 | 110 | ४६,७६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० वैशाख २१ गते (4th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Supreme Overseas Pvt. Ltd.**

श्रम ईजाजत नं. ३०१/०५९/०६०

Koteshwor-35, Kathmandu, Nepal.
Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np



## कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८०/०१/१४ गते)

यस बैंकको तपशिलको ऋणी संस्थाले **बीरगंज शाखाबाट** उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन बारम्बार तरताकेता गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, दैदस्तुर रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ तत्परता नदेखाएको हुनाले कर्जा चुक्ता गर्ने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, तथा हर्जना समेत बुझाउनुहुन सम्बन्धीत ऋणी संस्था, धितो जमानतकर्ता, जमानीकर्ता र जमानीकर्ताहरुलाई समेत सूचित गरिन्छ । सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम चुक्ता, भुक्तान नगरेमा ऋण लिंदा यस बैंकलाई लेखाई दिएको धितो लिलाम विक्रि गरी यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम विक्रिबाट पनि यस बैंकको सम्पूर्ण रकम असुल उपर नभएमा वा कथम कथाचित धितोबाट असुल उपर हुन नसके वा असुल उपर नभएमा ऋणी संस्थाको पदाधिकारीको वा निजहरुको एकाघर संगोल परिवारको नाममा रहेको चलअचल सम्पत्ती तथा अन्य जायजेथा सम्पत्तीबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, सहकारी ऐन, नियमावली तथा प्रचलित कानून बमोजिम असुल उपर गरी लिने तथा ऋणी संस्थाका पदाधिकारीहरु तथा जमानीकर्ताहरुलाई कालो सूचिमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराइन्छ ।

**ऋणी संस्थाको नाम : श्री यादगार बचत तथा ऋण सहकारी संस्था लिमिटेड । रजिष्टर्ड ठेगाना : अलौ-४, पर्सा ।**
**हालको ठेगाना : बिरगंज-१७ रामगढवा, पर्सा** **दर्ता नंः १०/०७०-७१**

**संचालक तथा जमानीकर्ताको विवरण**

**१) नाम : राहुल सिंह (अध्यक्ष तथा जमानीकर्ता)**
बाबु : हरिन्द्र सिंह
बाजे : किसुन सिंह राजपुत
ना प्र नं. : ३४-०१-७०-१०३४४
ठेगाना : बीरगंज-१८, पर्सा

**२) नाम : अर्जुन पटेल (उपाध्यक्ष तथा जमानीकर्ता)**
बाबु : जोधा राउत
बाजे : राम सुनर राउत
ना.प्र.नं : ३४-०१-७२-०३९४६
ठेगाना : बीरगंज-२०, पर्सा

**३) नाम : सोनु कुमार साह (सचिव तथा जमानिकर्ता)**
बाबु : राजेश्वर प्रसाद
बाजे : नागेश्वर साह तुरहा
ना.प्र.नं : ३४-०१-७१-०३४९९
ठेगाना : अलौ-१, पर्सा

**४) नाम : बलराम साह (कोषाध्यक्ष तथा जमानिकर्ता)**
बाबु : प्रेम प्रसाद साह
बाजे : गोविन्द साह
ना.प्र.नं : १०२२/१०६८४
ठेगाना : बीरगंज-१२, पर्सा

**५) नाम : राजु कुमार गुप्ता (संचालक तथा जमानिकर्ता)**
बाबु : राजेश्वर साह कानु
बाजे : लम्टु प्रसाद साह कानु
ना.प्र.नं : ३४-०१-७४-०२३३२
ठेगाना : बीरगंज-१७, पर्सा

**६) नाम : बाल गोपाल प्रसाद यादव (संचालक तथा जमानिकर्ता )**
बाबु : प्रयाग यादव
बाजे : नकक्षेद राउत अहिर
ना.प्र.नं : ३४-०१-७४-०५३७८
ठेगाना : बीरगंज-१७, पर्सा

**७ ) नाम : शान्ति चौधरी (संचालक तथा जमानिकर्ता)**
बाबु : शिव नारायण चौधरी
बाजे : जोखन चौधरी
ना.प्र.नं : १४-०१-७०-०२२२८
ठेगाना : सुन्दरपुर-४, उदयपुर

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

१. श्री सहदेव राउतको नाति श्री जगबहादुर राउत कुर्मीको छोरा पर्सा जिल्ला बीरगंज म.न.पा वडा नं. १० बस्ने श्री बृज किशोर पटेलको नाममा मालपोत कार्यालय पर्सामा दर्ता श्रेस्ता कायम रहेको पर्सा जिल्ला नगवा बीरगंज म.न.पा. वडा नं.१० को कित्ता नं. ५०७ को क्षेत्रफल ३३.८६ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
२. श्री जोगिन्दर साहको नाति श्री प्रेम प्रसाद साहको छोरा पर्सा जिल्ला बीरगंज म.न.पा.वडा नं. १२ बस्ने श्री बलराम साहको नाममा मालपोत कार्यालय पर्सामा दर्ता श्रेस्ता कायम रहेको पर्सा जिल्ला नगवा, बीरगंज म.न.पा. वडा नं.२ को कित्ता नं.१२११ को क्षेत्रफल ५०.७९ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
३. श्री साधु साह कानुको नाति श्री भरत साह कानुको छोरा पर्सा जिल्ला बीरगंज म.न.पा वडा नं. १३ बस्ने श्री नन्दु प्रसाद साह कानुको नाममा मालपोत कार्यालय पर्सामा दर्ता श्रेस्ता कायम रहेको पर्सा जिल्ला बीरगंज गा.बि.स./म.न.पा. वडा नं.१३ को कित्ता नं. ७२५ को क्षेत्रफल ८०.४० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
४. श्री जोगीन्द्र साहको बुहारी श्री प्रेम प्रसाद साहको श्रीमति पर्सा जिल्ला बिरगंज म.न.पा. वडा नं. १२ बस्ने श्रीमति चन्दा देवी साहको नाममा मालपोत कार्यालय पर्सामा दर्ता श्रेस्ता कायम रहेको पर्सा जिल्ला बीरगंज म.न.पा. वडा नं.१४ को कित्ता नं. ४०३ को क्षेत्रफल ६७.७२ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
५. श्री राधा राउत कुर्मीको बुहारी श्री रामापति प्रसादको श्रीमति पर्सा जिल्ला रामगढवा गा.वि.स./म.न.पा. वडा नं. ६ बस्ने श्रीमति सुनिता देवीको नाममा मालपोत कार्यालय पर्सामा दर्ता श्रेस्ता कायम रहेको पर्सा जिल्ला रामगढवा गा.बि.स./म.न.पा. वडा नं. ६ को कित्ता नं. ३१५ को क्षेत्रफल १७०.०० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
६. श्री महन्थ राउत कुर्मीको बुहारी श्री अमर प्रसादको श्रीमति पर्सा जिल्ला रामगढवा गा.वि.स./म.न.पा. वडा नं. ५ बस्ने श्री तरनमा देवीको नाममा मालपोत कार्यालय पर्सामा दर्ता श्रेस्ता कायम रहेको पर्सा जिल्ला रामगढवा गा.बि.स./म.न.पा. वडा नं. ४ को कित्ता नं. १४ को क्षेत्रफल १२८.०० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
७. श्री प्रेमेश्वर राउत कुर्मीको नाति श्री राधा राउत कुर्मीको छोरा पर्सा जिल्ला रामगढवा गा.वि.स./म.न.पा. वडा नं. ६ बस्ने श्री रामापती प्रसादको नाममा मालपोत कार्यालय पर्सामा दर्ता श्रेस्ता कायम रहेको पर्सा जिल्ला रामगढवा गा.बि.स./म.न.पा. वडा नं. ६ को कित्ता नं. ८३० को क्षेत्रफल १६०.८५ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालयः कुपण्डोल, ललितपुर, फोनः ०१-५१८०१८२, Web: www.ncbl.coop

# प्रभाव दैनिक

बिहीबार, १४ वैशाख २०८० (Thursday, April 27, 2023)


रूपशाला

## लमजुङबाट सुरू हुँदै 'सतीदेवी'को सुटिङ

लक्ष्मण सुवेदीको निर्देशन रहने फिल्म 'सतीदेवी' युनिट लमजुङ हिडेको छ। दुई दिन काठमाडौंको सुटिङपछि निर्माण युनिट बाँकी छायांकनका लागि लमजुङ हिंडेको हो। फिल्मको छायांकन सोमबारबाट सुरू भएको हो। दुई साताको छायांकन सेडुलसहित फिल्म युनिट लमजुङ हिंडेको निर्देशक सुवेदीले बताए। लक्ष्मण सुवेदीकै निर्माण तथा लेखनसमेत रहेको फिल्ममा मलिका महत शीर्ष भूमिकामा छिन्। फिल्ममा भोला सापकोटा, सन्दिपबाबु लोहनी, रमेश बुढाथोकी, सुजिता शिवाकोटी, कुलदीप अधिकारी, सिर्जना अधिकारी लगायतको अभिनय रहनेछ। फिल्ममा बाल कलाकारका रूपमा हर्षिका ओली र मन्जिला बानियाँको महत्वपूर्ण भूमिका रहनेछ। फिल्मको सुटिङ अवधि १ महिनाको रहनेछ।



# नेपालमा बढ्दै भारतीय चलचित्रको छायांकन



**काठमाडौं (प्रस)–** केही समयदेखि नेपालमा भारतीय चलचित्र तथा शृफ्लाको छायांकन हुनेक्रम बढिरहेको छ। अङ्ग्रेजी भाषामा निर्माण हुने वृत्तचित्रले नेपाललाई छायांकनस्थल बनाए पनि भारतीय चलचित्रको सफ्या भने बढेको धेरै भएको छैन।

विसं २०७८ मा 'उचाइ' चलचित्रले नेपालमा एक महिना छायांकन गरेको थियो। भारतीय कलाकार अनुपम खेर, वोमन इरानी, परीनीति चोपडा, सारिका हसनजस्ता कलाकारमार्फत नेपालको राम्रै चर्चा भयो। त्यसपछि नेपालमा भारतीय चलचित्रसँगै शृंखलासमेत आउन थालेका छन्।

गत साता मात्र काठमाडौंमा भारतीय चलचित्र 'मिराई' को छायांकन भयो। त्यही समयमा भारतीय निर्देशक अनुभव सिन्हालेसमेत १० दिन एक शृंखलाको छायांकन काठमाडौंदेखि पोखरासम्म गरे। अभिनेता अर्जुन कपुर अभिनित 'इन्डियाज मोस्ट वान्टेड' को छायांकनसमेत पोखरामा भएको थियो। यी प्रतिनिधि नाम मात्र हुन्। ससाना शृंखला, साङ्गीतिक भिडियो उत्तिकै सफ्यामा छायांकन भइरहेका हुन्छन्। नेपालमा विदेशी चलचित्रको आकर्षण बढिरहेको प्रोडक्सन डिजाइनर अरुण रेग्मीले जानकारी दिए। उनीसहित सुरज आचार्यको कम्पनी थ्री ह्विलर्सले गएको दुई वर्षमा निर्देशक सिन्हाको शृफ्लासँगै फर्जी, उचाइलाई नेपाल व्यवस्थापनको काम गरिसकेको छ। चलचित्र छायांकनमा चाहिने सम्पूर्ण प्रबन्ध प्रोडक्सन डिजाइनरले मिलाउने गर्छन्।

'विदेशी समूहसँग काम गर्दा नेपाली प्राविधिकलेसमेत सिक्न पाएँ। उहाँहरूको काम गर्ने शैली परिपक्व छ। ठूलो समूहमा कसरी काम गर्ने भन्ने सिकिन्छ,' प्रोडक्सन डिजाइनर रेग्मीले भने। विशेषतः विदेशबाट नेपालमा छायांकन टोली आउँदा एक सयभन्दा बढी प्राविधिक आउने गरेका छन्। उनीहरूले स्थानीयसँग सहकार्य गरेर काम गर्ने गरेका छन्।

'मिराई' को नेपाल व्यस्थापन हेरेका प्रोडक्सन डिजाइनर मनोज जोशीले काम गर्न सहज भएको बताए। 'उहाँहरूसँग काम गर्दा आफ्नो जिम्मेवारी लिएपछि ढुक्क हुन्छ। नेपाललाई मन पराएको भन्ने नै सुन्छु। नेपालीको स्वागत सत्कारले उहाँहरूलाई लोभ्याएको पाएको छु' जोशीले भने। समूहमा काम गर्दा बलिउडका ठूला कलाकारले पनि सरलता प्रस्तुत गर्ने प्रोडक्सन डिजाइनर रेग्मीले बताए। उनले भने, 'दिग्गज कलाकारको कामप्रतिको सरलता र मानवीय स्वभावले हामीलाई काम गर्न ऊर्जा प्रदान गर्थ्यो। कामप्रतिको लगाव तारिफ योग्य छ। हामीलाई सहज होस् भनेर कहिले ठूलो कलाकारको व्यवहार गर्नुभएन।'

नेपाल सरकारले विदेशबाट छायांकनमा आउने चलचित्रलाई सेवासुविधा प्रदान गरे सफ्या वृद्धि हुने अर्का प्रोडक्सन डिजाइनर शंकर पाण्डेले बताए। 'विशेषत छायांकनमा चाहिने स्वीकृति प्रदान गर्ने निकाय चुस्त भए र केही सहुलियत प्रदान गरिए सफ्या बढ्नेछ। अहिले नेपाल हाम्रोभन्दा पनि उनीहरूकै कारणले आइरहेका छन्,' प्रोडक्सन डिजाइनर पाण्डेले भने।

# 'राष्ट्रिय चलचित्र पत्रकारिता रजत सम्मान' घोषणा

■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र पत्रकार सङ्घ नेपालले 'राष्ट्रिय चलचित्र पत्रकारिता रजत सम्मान' प्रदान गर्ने भएको छ। बुधवार चलचित्र विकास बोर्डमा आयोजित एक कार्यक्रममा सङ्घले ५५ हजार ५ सय ५५ रूपैयाँको यो सम्मान घोषणा गरेको हो। आगामी जेठ ७ गते चलचित्र पत्रकारिता दिवस तथा सङ्घको २४ औं वार्षिकोत्सवको अवसर पारेर उक्त सम्मान प्रदान गरिने कार्यक्रममा जानकारी गराइयो।

कलाको विभिन्न विधामा कम्तीमा २५ वर्ष पत्रकारिताको माध्यमबाट योगदान पुर्‍याएको र १५ वर्षभन्दा बढी निरन्तर सङ्घमा आबद्ध एक जना पत्रकारले हरेक वर्ष जेठ ७ गते उक्त सम्मान प्राप्त गर्ने सङ्घका अध्यक्ष समीर बलामीले जानकारी दिए। उनले अग्रज पत्रकारको हौसला बढाउन रजत सम्मान सुरु गर्न लागिएको बताए। सम्मानको राशि ५५ हजार ५ सय ५५ रूपैयाँ छ।

कार्यक्रममा अध्यक्ष बलामीले पूर्व चलचित्र पत्रकारलाई मानार्थ सदस्य समेत वितरण गर्ने बताए। 'पहिले चलचित्र पत्रकारिता गरेका र अहिले विभिन्न कामले पत्रकारिताभन्दा बाहिर रहेका व्यक्तिलाई सम्मान र एक ढिक्का पार्न हामीले मानार्थ सदस्य प्रदान गर्न लागेका छौं। मानार्थ सदस्यको भोटिङ राइट भने हुनेछैन' बलामीले थपे। कार्यक्रममा चलचित्र विकास बोर्डका अध्यक्ष तथा अभिनेता भुवन केसी, निर्माता सङ्घका अध्यक्ष नबल खड्का, कलाकार सङ्घका अध्यक्ष मोहन निरौला, प्राविधिक सङ्घका अध्यक्ष पुष्कर लामा, नेपाल चलचित्र सङ्घका महासचिव नरेन्द्र महर्जन, नेपाल टेलिभिजनका महाप्रबन्धक फुलमान बल, सांस्कृतिक संस्थानका महाप्रबन्धक अशोक प्यासी राई, सङ्घका पूर्व अध्यक्ष विदुर गिरी, शान्ति प्रिय, दिनेश सिटौला, नेपाल चलचित्र सङ्घका उपाध्यक्ष गोपाल काजी कायस्थ, नेपाल, फिल्म एन्ड कल्चर एकेडेमीका अध्यक्ष केपी पाठक, नृत्य कलाकार सङ्घका अध्यक्ष जनक कार्की, चलचित्र सेन्सर बोर्डका सदस्य भूपेन्द्र खड्का, ऋषिराज आचार्य, चलचित्र विकास बोर्डका सदस्य रवि अधिकारी लगायतको उपस्थिति रहेको कार्यक्रममा सङ्घले २०८० सालको क्यालेन्डर पनि सार्वजनिक गरेको छ।

चलचित्र पत्रकार सङ्घले हरेक वर्षको जेठ ७ गते आफ्नो स्थापना दिवस पारेर दुई जनालाई ५१ हजार राशिको 'राष्ट्रिय चलचित्र पत्रकारिता पुरस्कार' र दुई जनालाई 'राष्ट्रिय चलचित्र पत्रकारिता सम्मान प्रदान' र एक जनालाई एउटा ल्यापटप सहितको 'राष्ट्रिय चलचित्र पत्रकारिता प्रोत्साहन पुरस्कार,' २५ हजार नगदसहित मोफसलका एक पत्रकारलाई 'राष्ट्रिय मोफसल पत्रकारिता पुरस्कार' प्रदान गर्दै आएको छ। यस वर्षबाट सङ्घले 'राष्ट्रिय चलचित्र पत्रकारिता रजत सम्मान' थपेको हो।

रंगशाला

**एसिसी पुरुष प्रिमियर कप**

# नेपाल र कतार भिड्दै




■ प्रभाव संवाददाता

**काठमाडौं–** एसियाली क्रिकेट काउन्सिल (एसिसी) प्रिमियर कपको समूह चरणको अन्तिम खेलमा (आज) बिहिबार नेपालले कतारसँग खेल्दैछ। कीर्तिपुरस्थित टियु क्रिकेट मैदानमा हुने खेल बिहान नौ बजेबाट सुरु हुनेछ। नेपाल र कतारबीच अहिलेसम्म एक खेल भएकोमा नेपाल अपराजित रहेको छ।

नेपाल र कतारबीचको एक मात्र भेट २००८ मा युएईमा आयोजना भएको एसिसी ट्रफि एलिटमा भएको थियो। यो खेल नेपालले ७ विकेटले जितेको थियो।

मलेसियाको रोयल मिलिट्रि कलेजको मैदानमा भएको उक्त खेलमा शक्ति गौचन तथा बसन्त रेग्मीले ३/३ विकेट लिएका थिए। नेपालका लागि ज्ञानेन्द्र मल्लले ८२ बलमा ७६ रनको अर्धशतकीय ईनिङ खेलेका थिए।

**ओमान सेमिफाइनलमा**

ओमान राजधानीमा जारी एसीयन क्रिकेट काउन्सिल(एसिसी) प्रिमियर कपमा साउदी अरेबियालाई पराजित गर्दै सेमिफाइनल प्रवेश गरेको छ। त्रिवि मैदान कीर्तिपुरमा समूह 'ए' मा रहेको ओमानले साउदी अरेबियालाई ७२ रनले हराएको हो।

ओमानले दिएको ३ सय ६७ रनको लक्ष्य पछ्याएको साउदी अरेबियाले ४६ दशमलव ५ ओभरमा अलआउट हुदै २ सय ९४ रन मात्र बनायो। साउदीका लागि ओपनर अब्दुल वाहिद र साद खानले अर्धशतकीय ईनिङ खेले। वाहिदले ८६ बलमा १४ चौका र १ छक्काको सहयोगमा ९५ रन बनाए।

खानले ८० बलमा १० चौका र १ छक्काको सहयोगमा ७८ रन बनाए। पहिलो विकेट सात रन बनाउँदा गुमाएको साउदीका लागि वाहिद र खानले १ सय ७७ रनको साझेदारी गरेका थिए। तल्ला क्रमका ब्याटरले राम्रो प्रदर्शन गर्न नसक्दा साउदीले हार व्यहोरेको थियो। कप्तान हिशाम शेखले ३२ बलमा ४ चौकाको सहयोगमा ३४ रन बनाए।

अब्दुल वाहिदले १५ बलमा २५ रन बनाए। आतिफ उर रहेमानले अविजित १६ रन बनाए। ओमानका लागि बिलाल खानले ४ तथा जय ओडिराले ३ विकेट लिए। जिशान मक्शुदले २ विकेट लिए।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको ओमानले निर्धारित ५० ओभरमा ६ विकेट गुमाएर ३ सय ६६ रन बनायो। ओमानका लागि शिर्ष पाँचका ब्याटरले अर्धशतक बनाएका थिए। मोहम्मद नदिम,जिशान मक्शुद, कश्यप प्रजापती,सोयब खान र जतिन्दर सिंहले अर्धशतकीय ईनिङ खेले।

सिंहले ७९ बलमा ११ चौका र २ छक्काको सहयोगमा ८८ रन बनाए। खानले ७० बलमा ८ चौका र २ छक्काको सहयोगमा ६८ रन बनाए। प्रजापतीले ५३ बलमा ६ चौका र २ छक्काको सहयोगमा ५१ रन बनाए। मक्शुदले ४९ बलमा ५४ रन बनाए। पहिलो विकेटका लागि सिंह र प्रजापतीले १ सय २५ रनको साझेदारी गरेका थिए। नदिमले ३८ बलमा ६ चौका र ४ छक्काको साथमा अविजित ७१ रन बनाए। आयान खान १२ रनमा अविजित रहे।

साउदी अरेबियाका लागि अतिफ उर रेहमानले ३ तथा अब्दुल वाहिदले २ विकेट लिए। अब्दुल वाइद १ विकेट लिए।

यस समूहबाट नेपालले यस अघि नै सेमिफाइनलमा स्थान पक्का गरिसकेको छ। बिहिबार नेपाल र कतारबीचको खेल पश्चात यस समूहको विजेता र उपविजेताको टुंगो लाग्नेछ। अर्को समूहबाट युएईले सेमिफाइनलमा स्थान पक्का गरिसक्दा हङकङ र कुवेतबीच बिहिबार हुने खेलबाट अर्को टोलीको टुंगो लाग्नेछ।

वैशाख १८ गते सम्म संचालन हुने प्रतियोगिताका खेलहरू कीर्तिपुरस्थित टियु मैदान र मुलपानीमा रहेको क्रिकेट मैदानमा खेल संचालन हुनेछ। कुल २४ खेल हुने प्रतियोगिताको फाइनल खेल वैशाख १८ गते टियु मैदानमा आयोजना हुनेछ। यस प्रतियोगितामा १० राष्ट्रको सहभागीता रहेको छ। सहभागी १० राष्ट्रलाई दुई समूहमा विभाजन गरिएको छ।

समूह 'ए' मा आयोजक नेपाल सहित मलेसिया, साउदी अरेबिया, कतार र ओमान रहेका छन्। समूह 'बी' मा बहराइन,कुवेत,सिंगापुर,हङकङ र युएई रहेका छन्। हरेक समूहमा शीर्ष स्थानमा रहने दुई टोली सेमिफाइनल खेल्ने छन्। सेमिफाइनलका विजेता राष्ट्रले फाइनल खेल्ने छ। फाइनलको विजेता टोली एसिया कपका लागि छनोट हुनेछ। एसिया कप आगामी सेप्टेम्बरमा आयोजना हुनेछ। यस्तै शीर्ष तीनमा रहने टोली एसिसी ईमर्जिङ कपका लागि छनोट हुने छन्।


**टीकापुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**टीकापुर, कैलाली, सुदूरपश्चिम प्रदेश,नेपाल**

**बोलपत्र स्विकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशन मिति : २०८०/०१/१४

